वादी समुदायका पहिलो महिला मन्त्री सीता वादी पृष्ठ ५ मा



जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ •अंक २९८ • २०८२ साल चैत १४ गते शनिबार (28 March, Saturday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।-

### प्रथम मधेशी प्रधानमन्त्री

# बालेन नेतृत्वको १५ सदस्यीय मन्त्रिपरिषद्, मधेशबाट आफ्नै नातेदारलाई बनाए मन्त्री




**टुडे समाचारदाता**

जनकपुरधाम । प्रथम पटक मधेशी मूलका बालेन्द्र साह 'बालेन' नेपालको प्रधानमन्त्री बनेका छन् । उनले शुक्रबार दिउँसो हिन्दू परम्परा अनुसार पद तथा गोपनीयताको शपथ लिएका छन् । प्रधानमन्त्री बालेनसंगै मन्त्रिमण्डलका सदस्यहरुले पनि पद तथा गोपनीयताको शपथ लिएका छन् ।

काठमाडुस्थित शुक्रबार शीतल निवासमा आयोजित विशेष शपथ समारोहमा राष्ट्रपति रामचन्द्र पौडेलले साह र उनको मन्त्रीमण्डलका सदस्यहरुलाई शपथ ग्रहण गरेका छन् ।

रास्वपाका धेरै नेताको दाबी रहेको गृह मन्त्रालयको जिम्मेवारी सुधन गुरुङले पाएका छन् । जेन-जी आन्दोलनका बेला चर्चामा आएका गुरुङ गोरखा-१ बाट निर्वाचित भएका थिए ।

त्यस्तै रास्वपाका उपसभापतिसमेत रहेका अर्थ मामिलाका जानकार स्वर्णिम वाग्ले अर्थमन्त्री बनेका छन् । उनी तनहुँबाट दुई पटक प्रतिनिधिसभा सदस्य निर्वाचित भएका छन् ।

त्यस्तै शिशिर खनाल परराष्ट्रमन्त्री बनेका छन् । उनी स्वपाको परराष्ट्र विभाग प्रमुख हुन् ।

खडकराज पौडेल (गणेश) संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बन्ने बनेका छन्। साहित्यकार समेत रहेका उनी कास्कीबाट निर्वाचित भएका थिए । त्यस्तै, श्रममन्त्री महोत्तरीका दीपक कुमार साह बन्ने भएका छन् ।

शिक्षा तथा प्रविधि मन्त्री भने काठमाण्डु-५ बाट निर्वाचित सस्मित पोखरेलले जिम्मेवारी पाएका छन् । सूचना, सञ्चार तथा प्रविधि मन्त्रालयको जिम्मेवारी बिक्रम तिमिल्सिनाले पाएका छन् ।

प्रतिभा रावल सामान्य प्रशासन मन्त्री भएकी छिन् । उनी पत्रकारिता पृष्ठभूमिकी हुन् । उनलाई रास्वपाले समानुपातिकबाट सांसद बनाएको थियो । रावल रास्वपाकी सहप्रवक्ता समेत हुन् ।

ऊर्जा, जलस्रोत तथा सिचाइँ मन्त्रालयको जिम्मेवारी विराजभक्त श्रेष्ठले पाएका छन् । काठमाण्डुबाट निर्वाचित भएका उनी यसअघि रास्वपा संसदीय दलको नेतासमेत थिए ।

कृषि तथा सहकारी र वन मन्त्रालयको जिम्मेवारी भने गीता चौधरीले पाएकी छन् । उनी रास्वपाको सामानुपातिक सूचीमा निर्वाचित भएकी उनलाई मन्त्रालय बाँडफाँटमा कृषि मन्त्रालयको जिम्मेवारी दिइएको हो । अधिवक्तासमेत रहेकी उनी गत फागुनको निर्वाचनभन्दा केही दिनअघि मात्र रास्वपामा प्रवेश गरेकी थिइन् ।

त्यस्तै कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी भने सोविता गौतमले पाएकी छन् । उनी कानुनको जानकार तथा अधिवक्तासमेत हुन् ।

सीता बादी महिला तथा बालबालिकामन्त्री भएकी छन् । भौतिक पूर्वाधार तथा सहरी विकासमन्त्री सुनील लम्साल बनेका छन् ।

बालेनको नेतृत्वमा गठित १५ सदस्यीय मध्ये श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपककुमार साह छन् । उनी प्रधानमन्त्री बालेनका नातेदार हुन् । एक दशकअघि विद्यार्थीलाई ठगेको आरोपमा पक्राउ परेका थिए । २०७३ असोजमा काठमाण्डु युनिभर्सिटी स्कूल अफ मेडिकल साइन्सेजमा भर्ना गराइदिने झुटो आश्वासनमा ठगेपछि प्रहरीले पक्राउ गरेको थियो ।

वर्ल्डवाइड कन्सल्टेन्सीको सञ्चालक रहेका मन्त्री दीपक साहलाई पक्राउ गरेको थियो । उनले आफ्ना सहयोगी गणेश अधिकारीमार्फत विद्यार्थीहरूलाई प्रलोभनमा पारी ठग्दै आएको तथ्य खुलेपछि प्रहरीले नियन्त्रणमा लिएको थियो ।

साहले आफूलाई मेडिकल डाक्टर भन्दै झुटो पहिचानसमेत प्रस्तुत गर्दै आएको तथ्य प्रहरीले त्यतिबेलै पाएको थियो ।

## जेन- जी आन्दोलनको प्रतिवेदन कार्यान्वयन हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । पहिलो पटक बालेन साह नेतृत्वको सरकारको क्याबिनेट बैठकबाट जेन-जी घटना जाँचबुझ आयोगको प्रतिवेदन तुरुन्त कार्यान्वयन गर्ने निर्णय गरेको छ ।

कार्की आयोगको प्रतिवेदन अनुसार तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखकलगायत अन्यको हकमा तत्काल कार्यान्वयनका लागि सम्बन्धित निकायलाई निर्देशन दिने निर्णय गरेको छ ।

सुरक्षा निकायहरुको हकमा भने अध्ययन समिति गठन गर्ने निर्णय भएको सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी गराइन् ।

# बालेन सरकार प्रति मधेश प्रदेशमा असन्तुष्टि



**सुभाष कर्ण**

जनकपुरधाम । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेपालका वरिष्ठ नेता बालेन्द्र साह नेतृत्वको सरकार गठन भएसंगै मधेश प्रदेशमा असन्तुष्टि चुलिएको छ । मधेश प्रदेशबाट प्रत्यक्ष र समानुपातिकतर्फबाट सबैभन्दा मत पाउने रास्वपाले मधेश प्रदेशसंग अन्याय गरेको भन्दै असन्तुष्टि चुलिएको छ ।

रास्वपाले मधेश प्रदेशका ३२ निर्वाचन क्षेत्रमध्ये ३० सिट प्राप्त गरेका छन् । हुन त धनुषा- १ का उम्मेदवार किशोरी साह कमललाई सवोच्च अदालतले नै निर्वाचित नगरेपछि उनी पराजित हुन पुगे । मधेश प्रदेशमा झण्डै क्लिनसीप गर्ने अवस्थामा पुगेको थियो ।

समानुपातिकतर्फ रास्वापले प्राप्त गरेको ५१ लाख ८३ हजार ४९३ मत प्राप्त गरेको सबैभन्दा बढी मधेशबाटै १३ लाख ४६८ मत अर्थात कूल मतको झण्डै ३९ प्रतिशत मत प्राप्त गरेको छ । मधेशकै मधेशी मूलका वरिष्ठ नेता बालेन साहको नाममा यतिका मत र सिट हासिल गरी एकदलीय सरकार गठन गर्न सफल भएका रास्वपाले मधेशसँग परम्परागत दल जस्तै बेइमानी गरेका भन्ने आलोचना सामाजिक सञ्जालमा भइरहेको छ ।

बिहीवार गठन भएको एकल सरकारमा रास्वपाले मधेशबाट प्रधानमन्त्री बालेन साहले आफ्ना नातेदार दीपक कुमार साहलाई मात्रै समेटेका छन् । दीपकलाई मात्रै मधेश प्रदेशबाट मन्त्री बनाइनु बेइमानीको पराकाष्ठा रहेको भन्दै उनको आलोचना समेत पार्टी भित्र भइरहेको छ ।

शपथग्रहण अघिसम्म मधेशबाट कांग्रेसबाट प्रधानमन्त्रीका उम्मेदवार एवं पार्टी सभापति गगन थापालाई हराएका अमरेश कुमार सिंह र कांग्रेसका पूर्व उपसभापति विमलेन्द्र निधिलाई पराजित गरेका पार्टी प्रवक्ता समेत रहेका मनिष झाको नाम मन्त्रीको सूचीमा रहेको थियो । तर शपथ ग्रहण अघि नै सिंहले आफू मन्त्री नबन्ने भनेपछि उनी बालेन नेतृत्वको मन्त्रिमण्डलबाट बाहिरिए पनि मनिष झालाई भने समेटिएनन् । मधेश प्रदेशबाट दीपक साहबाहेक कसैको नाम नसमेटिएपछि बालेनको व्यापक आलोचना भइरहेको छ ।

सिंहलाई उद्योग मन्त्री र झालाई स्वास्थ्य मन्त्रीको सूचीमा थिए । तर के कति कारणले उद्योग मन्त्रालय प्रधानमन्त्री बालेन साहले आफै राखे भने स्वास्थ्य मन्त्रीमा झाको ठाउँमा कोशी प्रदेशबाट निशा मेहतालाई बनाइएको छ ।

एमालेबाट प्रधानमन्त्रीका उम्मेदवार एवं पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई हराएका बालेन साहले प्रधानमन्त्री पद पायो भने कांग्रेसबाट प्रधानमन्त्रीका उम्मेदवार एवं पार्टी सभापति गगन थापालाई हराउने अमरेश सिंहलाई एउटा मन्त्री पनि दिन नसक्नु मधेशसंग ठूलै बेइमानी रहेको भन्ने आलोचना सामाजिक सञ्जालमा मात्रै नभइ रास्वपा पार्टी भित्र समेत हुन थालेका छन् । कांग्रेसका गढ रहेका सर्लाही- ४ मा सिंहले थापालाई हराएको कारण कांग्रेस पार्टीभित्र विचलनको अवस्था उत्पन्न भइसकेको छ ।

यता धनुषा- ३ बाट विमलेन्द्र निधि जस्ता नेतालाई ठूलो मतान्तरले हराएर रेकर्ड कायम गरेका पार्टीको संस्थापन प्रवक्तासमेत रहेका झालाई मन्त्री नबनाउनुले मधेश प्रदेशका राजधानी जनकपुरधासहित प्रदेशभरि रास्वपा प्रति तीव्र आलोचना भइरहेको छ । सबैभन्दा बढी सिट र मत दिने मधेशले कम्तिमा ५ वटा मन्त्रालय पाउनु पर्थ्यो । सन्तुलन कायम गर्न पनि ३/४ वटा मन्त्रालय दिनुपर्थ्यो तर त्यसो नगरी दुईवटा मन्त्री मात्र दिएर मधेश र मधेशी जनताको मतकै अपमान भएको भनी आलोचना भइरहेको छ ।

गठित मन्त्रालयतर्फ मात्र होइन समानुपातिक सांसदतर्फ समेत रास्वपाले मधेशसँग बेइमानी गरेको छ । झण्डै ४० प्रतिशत मत पाएका रास्वपाले पाएको ५७ सिट मध्ये कम्तिमा २५ सिट पाउनु पर्थ्यो तर मधेशी र दलिततर्फ गरी जम्मा ९ वटा सिट दिएका छन् । मधेशी महिलातर्फ ७ जना मध्ये ६ जना, मधेशी पुरुषतर्फ दूईजना र दलिततर्फ पहाडी मूलका अमृता विक गरी ८ वटा मात्र सिट दिएर बेइमानी गरेको थियो । ती बेला पनि रास्वपाको चर्को आलोचना भएको थियो ।

मत मधेशीको नाममा लिने र सांसद पहाडी मूलका दलिततलाई बनाउने भनी आलोचना भएको थियो । मधेशका ८ जिल्ला मध्ये मात्र ५ जिल्लालाई समेटेर समानुपातिक सांसद पद वितरण गरेका थिए । सबैभन्दा बढी मत पाउने धनुषा जिल्लालाई एउटा पनि सांसद दिएनन् । धनुषासहित रौतहट र बारालाई बेवास्ता गर्दै एउटा पनि सांसद सिट दिएनन् ।

रास्वपाले महोत्तरीबाट अंकिता ठाकुर, सिरहाबाट पूनम अग्रवाल, खगेन्द्र कर्ण, अमृता विक, सप्तरीबाट ललिता कुमारी पुरुषोत्तम यादव, पर्साबाट सुनिता चौधरी र सर्लाहीबाट सरिता महतोलाई समेटेको थियो । चौधरी र महतोको नाम पछि लिस्ट सच्याउने क्रममा समेटेको थियो । कामिनी कुमारीको ठाउँमा चौधरी र जुली यादवको ठाउँमा महतोको नाम राखिएको थियो । पैसाको चलखेलमा समानुपातिक बन्दसूचीमा नाम राखिएको र बार्गेनिङ्ग नमिलेपछि कामिनी र जुलीको नाम हटाइएको सो बेला तीव्र आलोचना भएको थियो ।

सुशासन र भ्रष्टाचार अन्त्य सहित परिवर्तनको नाराले गठन भएका रास्वपाको सांसद र सरकारमा मधेशीसँग गरिएको यी बेइमानीले केही परिवर्तन नभई परम्परागत दलकै निरन्तरता रहेको भन्ने प्रष्ट हुन्छ । पहिलो चरणमै मधेशीसँग यतिको बेइमानी रास्वपाले गरिनु भनेको आगामी मधेशीसँग कस्तो व्यवहार होला भन्ने कुरा समेत संकेत गर्छ ।



# फरार ९ अभियुक्त पक्राउ

**टुडे समाचारदाता**

रौतहट । अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत लामो समयदेखि फरार रहेका ९ जना प्रतिवादीलाई रौतहट प्रहरीले पक्राउ गरेको छ ।




जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका प्रहरी युनिटबाट खटिएको टोलीले कैद तथा जरिवाना सजाय तोकिएका विभिन्न मुद्दाका ७ जना र चालु मुद्दाका २ जना प्रतिवादीलाई बिहीबार पक्राउ गरेका हुन् ।

रौतहट प्रहरी प्रमुख एसपी सिताराम रिजालका अनुसार पक्राउ पर्नेहरूमा मेघु राय यादव (किर्ते जालसाजी) १ हजार रुपैयाँ जरिवाना, अनुकूल गुप्ता (चोरी) १ हजार रुपैयाँ जरिवाना, विजय चौधरी (जुवा) २ हजार रुपैयाँ जरिवाना, कल्पना चौधरी (नाताकायम) १ हजार २५० रुपैयाँ जरिवाना र सुकुन्ती देवी (गाली बेइज्जती) २५ रुपैयाँ जरिवाना रहेका छन् ।

यस्तै, जलसी देवी कुर्मी (देहानी) ३०० रुपैयाँ जरिवाना र प्रेम यादव (अपराधिक उपद्रव) मुद्दामा २ वर्ष कैद सजाय तोकिएका छन् । चालु मुद्दातर्फ हदयलाल राय यादव (ज्यान मार्ने उद्योग) र नरेन्द्र राय यादव (मिटर ब्याज) मुद्दामा पक्राउ परेका छन् ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी विष्णु प्रदीप बस्यालका अनुसार पक्राउ परेका सबैलाई आवश्यक कारबाहीका लागि रौतहट जिल्ला अदालतमा पठाइएको छ ।

# कलभर्ट निर्माणमा अवरोध

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको कौडेना क्षेत्रमा पूर्व-पश्चिम हुलाकी राजमार्ग अन्तर्गत निर्माण भइरहेको बक्स कलभर्टको काम स्थानीयवासीको अवरोधपछि रोकिएको छ ।



गत असोज १८ र १९ गतेको भारी वर्षापछि लखन्देही खोलामा आएको बाढीले कौडेना गाउँपालिका-३ पर्सा गाउँ नजिक करिब एकसय मिटर पक्की हुलाकी सडक पूर्ण रूपमा बगाएको थियो। सोही स्थानमा बक्स कलभर्ट निर्माणको काम भइरहेका बेला स्थानीयको अवरोधका कारण चैत ८ गतेदेखि काम ठप्प भएको हो ।

स्थानीयवासीले लखन्देही खोलामा तटबन्ध निर्माण नगरेसम्म कलभर्ट निर्माणको काम अघि बढ्न नदिने अडान लिएका छन्। बक्स कलभर्ट निर्माणका लागि सुशम आदित्य विजय निर्माण सेवा प्रा।लि।, उदयपुरले तीन करोड ५३ लाख तीन हजार २३ रुपैयाँमा ठेक्का लिएको छ ।

हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरका अनुसार उक्त ठेक्का आगामी असार २५ गतेसम्मका लागि रहेको छ । कार्यालयका सूचना अधिकारी तथा इन्जिनियर रञ्जितकुमार रायले सुरुआतमा कुनै विवाद नभए पनि करिब १५ प्रतिशत काम सम्पन्न भइसकेपछि स्थानीयले तटबन्धको विषय उठाएर अवरोध गरेको बताएका छन् ।

सर्लाही क्षेत्र नं. २ का नवनिर्वाचित प्रतिनिधिसभा सदस्य रबिन महतोले समेत निर्माणस्थल पुगेर काम रोक्न निर्देशन दिएपछि पाँच दिनदेखि काम अवरुद्ध भएको इन्जिनियर रायले जानकारी दिएका छन ।

उनका अनुसार बाढीका कारण बारम्बार सडक कटान भइरहेकाले पानी निकासको व्यवस्था हुने गरी बक्स कलभर्ट निर्माण गर्ने सहमतिमा काम अघि बढाइएको थियो । "माननीयज्यू समेत आएर काम रोक्नुस् भनेपछि हामी चैत ८ गतेदेखि काम रोकेर बसेका छौँ," उनले भने ।

काम रोकिएपछि निर्माण कम्पनीका करिब ३० जना कामदार, मेसिन, औजार तथा सामग्री अलपत्र परेका छन् । असोजको बाढीपछि सो स्थानमा डाइभर्सन बनाएर सवारी सञ्चालन हुँदै आएको थियो ।

प्राविधिकका अनुसार बक्स कलभर्ट निर्माण भएपछि बाढीको पानी तलबाट बग्ने भएकाले सडक कटानको समस्या कम हुने अपेक्षा गरिएको छ । तर स्थानीयवासीले भने उक्त स्थानको उत्तर-पश्चिमतर्फ तटबन्ध मजबुत नगरेसम्म समस्या समाधान नहुने बताएका छन् ।

पर्सा गाउँका शिवशंकर साहका अनुसार पश्चिमतर्फ तटबन्ध भए पनि पूर्वतर्फ नहुँदा हरेक वर्ष बर्खामा गाउँबस्ती र खेतीयोग्य जमिन डुबानमा पर्ने गरेको छ । स्थानीयको अडानपछि सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, चन्द्रनिगाहपुरका प्रमुख अनुभव चौधरीसहितको टोलीले बुधबार स्थलगत निरीक्षण गरेको छ। प्रमुख चौधरीले करिब डेढ किलोमिटर तटबन्ध सुदृढ गर्नुपर्ने आवश्यकता रहेको बताएका छन् ।

हालको आर्थिक वर्षमा तटबन्ध निर्माणका लागि बजेट नभएकाले आगामी वर्षका लागि पहल गरिने उनको भनाइ छ । कौडेना गाउँपालिकाका अध्यक्ष रुपेश कुमारले तटबन्ध निर्माणमा ठूलो बजेट आवश्यक पर्ने भएकाले स्थानीय तह मात्रले सम्भव नरहेको बताउँदै माथिल्लो निकायसँग सहकार्य गर्न तयार रहेको बताए ।

उनले बाढी 'ओभरफ्लो' हुने स्थानमै तटबन्ध निर्माण गर्न सके हुलाकी सडक कटानको समस्या दीर्घकालीन रूपमा समाधान हुने धारणा व्यक्त गरेका छन् । संघीय सरकारले आवश्यक बजेट विनियोजन गरी तटबन्ध र कलभर्ट निर्माणको काम सँगसँगै अघि बढाउनुपर्ने गाउँपालिकाले माग गरेका छन् ।

# अदालतमा परिचयपत्र लागू

**टुडे समाचारदाता**

राजविराज । सप्तरी जिल्ला अदालत राजविराजमा प्रवेश गर्न परिचयपत्र अनिवार्य गरिएको छ । सेवा लिन जाने सेवाग्राहीलाई अदालत परिसरभित्र प्रवेश गर्दा परिचयपत्र अनिवार्य गरिएको हो । अदालतका प्रशासनद्वारा सूचना जारी गर्दै यस्तो जानकारी गराएको हो ।

विगत केही दिनदेखि अदालत परिसरमा अनावश्यक व्यक्तिहरूको भीड बढ्दै गएपछि सुरक्षा चुनौती बढेकोले यस्तो व्यवस्था गरिएको जारी सूचनामा उल्लेख छ । चोरीजस्ता घटनासमेत बढ्न थालेपछि अदालत प्रशासनले सुरक्षा व्यवस्था कडा बनाउने निर्णय गरेको जनाएको छ ।

चैत १२ गते बिहीवारदेखि लागू हुनेगरी नयाँ सुरक्षा व्यवस्थापत्र जारी गरिएको छ । अदालत प्रशासनद्वारा जारी सूचना अनुसार अदालत परिसरमा प्रवेश गर्न सबैले अनिवार्य रूपमा परिचयपत्र वा सम्बन्धित कागजात देखाउनु पर्ने जनाएको छ ।

प्रवेशका लागि तोकिएको स्थानबाट मात्र भित्रिन पाइने व्यवस्था गरिएको सूचना जनाएको छ । यस कदमले अनावश्यक भीड नियन्त्रण गर्ने र अदालतको समग्र सुरक्षा सुदृढ बनाउने अपेक्षा गरिएको जारी सूचनामा उल्लेख छ ।

अदालत प्रशासनले सबै सेवाग्राही र सरोकारवालाहरूलाई नयाँ नियमको कडाइका साथ पालना गर्न आग्रह समेत गरेको छ ।

# प्रधानाध्यापक कार्यकक्षमा तालाबन्दी

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराज नगरपालिका-१३ का स्थानीय अभिभावक र युवाहरूले स्थानीय महावीर माध्यमिक विद्यालयमा दुई जना प्रधानाध्यापक कार्यरत रहेकोप्रति असन्तुष्टि जनाउँदै बिहीबार दुवै प्रधानाध्यापकका कार्यकक्षमा तालाबन्दी गरेका छन् ।



स्थानीयहरूले विद्यालय सुधारको माग गर्दै १२ बुँदे मागपत्रसहित विद्यालय प्रशासन, राजविराज नगरपालिकाकी कार्यवाहक मेयर इशरत परवीन तथा सम्बन्धित निकायसमक्ष बुझाएका छन्। वडा अध्यक्षले मागपत्र बुझ्न अस्वीकार गरेको आरोप अभिभावक र युवाहरूले लगाएका छन्। उनीहरूले माग सम्बोधनमा ढिलाइ भए थप कडा आन्दोलनमा उत्रिने चेतावनी दिएका छन् ।

आन्दोलनरत पक्षले विद्यालयमा तालाबन्दी जारी राख्ने, साथै शिक्षा विकास तथा समन्वय इकाइ सप्तरी र राजविराज नगरपालिकाको कार्यालयअगाडि धर्ना तथा अनशन बस्ने घोषणा गरेको छ ।

पछिल्लो चार वर्षमा विद्यालयमा भएका निर्माण कार्य, विद्यार्थीलाई वितरण गरिएको खाजा तथा शिक्षकहरूको तलब वितरणमा अनियमितता भएको आशंकामा निष्पक्ष छानबिन र लेखा परीक्षणको माग गरिएको छ ।

साथै, एक मात्र योग्य प्रधानाध्यापक नियुक्त गर्न, राजनीतिक हस्तक्षेप अन्त्य गर्न, शिक्षकहरूको डिजिटल हाजिरी प्रणाली लागू गर्न तथा विद्यालयको आम्दानी-खर्च सार्वजनिक गर्नुपर्ने माग गरिएको छ ।

त्यसैगरी अभिभावक, शिक्षक र समुदायको सहभागितामा अनुगमन समिति गठन, योग्य शिक्षक नियुक्ति, विद्यार्थीका लागि आवश्यक शैक्षिक सामग्री तथा आधारभूत सुविधा सुनिश्चित गर्नुपर्ने मागसमेत अघि सारिएको छ ।

शिक्षकहरूको कार्यसम्पादन मूल्यांकन गरी लापरबाही गर्नेलाई कारबाही गर्नुपर्ने तथा विद्यालयलाई सुरक्षित, अनुशासित र विद्यार्थीमैत्री वातावरण बनाउन कडा नियम लागू गर्नुपर्ने माग पनि आन्दोलनकारीहरूको रहेको छ ।

विद्यालय सुधार, पारदर्शिता र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि आन्दोलनमा उत्रिएको उनीहरूको भनाइ छ । माग पूरा नभएसम्म आन्दोलनलाई थप सशक्त बनाइने चेतावनीसमेत दिइएको छ ।

स्थानीय प्रतीक यादव, सरोजकुमार यादव, सरोज यादव, बलराम यादव, देवन यादव, अनिल यादव, राधेश्याम यादव, बिलित यादवलगायत अभिभावक तथा स्थानीयवासीहरूको उपस्थितिमा तालाबन्दी गरी ज्ञापनपत्र बुझाइएको हो।

# राजविराजमा गजेन्द्र स्मृति दिवस

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराजमामधेशआन्दोलनकाअग्रणी नेता स्वर्गीय गजेन्द्र नारायण सिंहको ९७ औं जन्मजयन्तीका अवसरमा स्मरण दिवस मनाइएको छ ।



राजविराजस्थित गजेन्द्र चौकमा मैनबत्ती प्रज्वलन गरी श्रद्धाञ्जली अर्पण गरिएको हो। सो अवसरमा सहभागीहरूले स्व. सिंहको सालिकमा माल्यार्पण गर्दै उनको योगदानको स्मरण गरेका थिए ।

स्मरण दिवसका संयोजक विनोद यादवका अनुसार, प्रत्येक वर्षझैं यस वर्ष पनि गजेन्द्र बाबुको सम्झनामा कार्यक्रम आयोजना गरिएको हो । उनले स्व. सिंहसँग लामो समय सहकार्य गर्ने अवसर पाएको उल्लेख गर्दै उनले सुरु गरेको "मेची-महाकाली रथयात्रा"मा सहभागी हुन पाएको अनुभवसमेत साझा गरे । उनका अनुसार स्व. सिंहको निधनले मधेशले एक अभिभावक गुमाएको छ ।

उनले उठाएका संघीयता र समावेशी लोकतन्त्रजस्ता मुद्दाहरू अहिले कार्यान्वयनको चरणमा पुगे पनि अझै केही अधिकार प्राप्त गर्न बाँकी रहेको धारणा व्यक्त गरिएको थियो ।

कार्यक्रममा युवा नेता विनोद यादव, किशोरकुमार यादव, केसी, नवनित झा, महिला नेतृ मालती सदा लगायत स्थानीय नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको थियो ।

# मधेशको प्रतिनिधित्व गर्दै साह बने श्रम मन्त्री

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशकोप्रतिनिधित्व गर्दै महोत्तरी क्षेत्र नम्बर २ बाट निर्वाचित दिपककुमार साहले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको जिम्मेवारी पाएका छन् ।



बालेन्द्र साहको नेतृत्वमा आज गठन भएको मन्त्रिपरिषद्मा महोत्तरी क्षेत्र नम्बर २ मा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट निर्वाचित साह श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री बनेका हुन् ।

गत २१ फागुनमा सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा उनले ३२ हजार ७ सय २२ मत प्राप्त गरी विजयी भएका थिए । उनले पूर्वश्रममन्त्री शरतसिंह भण्डारीलाई पराजित गरेका थिए । साहले भण्डारीलाई २२ हजार ५ सय २४ मतान्तरले पराजित गरेका थिए ।

विशेषगरी स्वास्थ्य सेवामा सुधार, युवा स्वरोजगार र भ्रष्टाचारमुक्त प्रशासनलाई प्राथमिकतामा राख्दै उनी चुनावमा होमिएका थिए ।

२०४७ साल चैत १० गते महोत्तरीमा जन्मिएका ३५ वर्षीय साहको महोत्तरी गाउँपालिका नै स्थायी ठेगाना हो । आफ्नो जन्मस्थान र जिल्लाको समस्या नजिकबाट बुझेका साह स्थानीय स्तरमा विभिन्न काम गर्दै आएका थिए ।

राजनीतिमा परिवर्तन र सुशासनको एजेन्डा लिएर मैदानमा उत्रिएका साहको पृष्ठभूमि व्यावसायिक र प्राज्ञिक क्षेत्रमा छ । उनले जनस्वास्थ्य विषयमा स्नातकोत्तरसम्म अध्ययन पूरा गरेका छन् । उनले विश्वकै प्रतिष्ठित शिक्षण संस्था लन्डन स्कुल अफ हाइजिन एन्ड ट्रपिकल मेडिसिन र इन्स्टिच्युट अफ मेडिसिनबाट शिक्षा हासिल गरेका छन् ।

राजनीतिमा पूर्णकालीन हुनुअघि साहले स्वास्थ्य र विकास क्षेत्रमा अन्तर्राष्ट्रिय स्तरको अनुभव सँगालेका छन् । उनले विश्व स्वास्थ्य संगठन र एफएचआई ३६० जस्ता ख्यातिप्राप्त संस्थामा काम गरिसकेका छन् ।

चुनावी मैदानमा होमिँदा साहले स्वास्थ्य सेवामा सुधार, युवा स्वरोजगार र भ्रष्टाचारमुक्त प्रशासनलाई प्राथमिकतामा राखेका थिए । एउटा दक्ष विज्ञ राजनीतिमा आउनुपर्छ भन्ने मान्यता राख्दै आएका उनको काँधमा श्रम मन्त्रालयको जिम्मेवारी परेको हो ।

# गौरमा मनाइयो नेत्रज्योति दिवस

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौरमा नेपाल नेत्र ज्योति संघले आफ्नो स्थापना दिवसलाई जनचेतनामूलक कार्यक्रम मनाएको छ । ४७ वर्ष पूरा गरी ४८औं वर्षमा प्रवेश गरेको अवसरमा संघले प्रभातफेरीसहित विविध कार्यक्रम आयोजना गरेको हो ।




संघद्वारा सञ्चालित गौर आँखा अस्पताल, पुरेनवाको आयोजनामा शुक्रबार बिहान निकालिएको प्रभातफेरीमा चिकित्सक, स्वास्थ्यकर्मी, संघका पदाधिकारी, स्थानीय बुद्धिजीवी, नागरिक अगुवा तथा सञ्चारकर्मीहरूको उल्लेख्य सहभागिता देखिएको थियो ।

गौर घण्टाघर चोकबाट सभापति विजयकुमार सिंहको नेतृत्वमा सुरु भएको प्रभातफेरी धरखन चोक, नेपाल लज, ट्रान्समिटर चोक हुँदै गौर भन्सार र क्रान्तिद्धार पुगेर पुनः राइस मिल्समा समापन गरिएको थियो। सहभागीहरूले "आँखा दान महादान" तथा "नियमित आँखा जाँच गरौँ" जस्ता नारासहित जनचेतना फैलाएका थिए ।

आँखा हाम्रो अमूल्य सम्पत्ति हो–यसको संरक्षणमा सबैको जिम्मेवारी आवश्यक भन्ने मूल नाराका साथ मनाइएको कार्यक्रममा सभापति सिंहसँगै सचिव बच्चा प्रसाद यादव, कोषाध्यक्ष शिवमंगल साह, प्रशासन प्रमुख नागेश्वर प्रसाद चौधरी, सत्येन्द्र पाण्डेय, समाजसेवी मनोज यादव, रामअयोध्या राय यादव लगायतको उपस्थिति रहेको थियो ।

उक्त अवसरमा प्रशासन प्रमुख चौधरीले संघको स्थापना कालदेखि हालसम्मका उपलब्धिहरूको चर्चा गर्दै सेवा विस्तारको यात्राबारे जानकारी गराए। सभापति सिंहले गुणस्तरीय आँखा स्वास्थ्य सेवा सबै नागरिकको पहुँचमा पुऱ्याउन सरकारी, निजी र सामुदायिक क्षेत्रबीच सहकार्य आवश्यक रहेको उल्लेख गरे ।

कार्यक्रममा पूर्व अध्यक्ष दुर्गा प्रसाद यादवसहित अन्य पदाधिकारीहरूले पनि सहभागिता जनाउँदै यस्ता गतिविधिले आँखा स्वास्थ्यप्रति जनचेतना अभिवृद्धि गर्न मद्दत पुग्ने धारणा राखे ।

वि.सं. २०३५ साल चैत १३ गते स्थापना भएको नेपाल नेत्र ज्योति संघले हाल देशभर २८ वटा आँखा अस्पताल र सयौँ उपचार केन्द्रमार्फत सेवा प्रदान गर्दै आएको छ। रौतहट शाखाले यस अवसरमा निःशुल्क आँखा शिविर तथा विद्यालयस्तरमा दृष्टि परीक्षण कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता समेत जनाएको छ ।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : नयाँ काम सुरु गर्ने सोच बनाउनु भएको छ भने समय अनुकूल छ ।
वृष : आज तपाईले धैर्य अपनाउनु पर्ने दिन हो ।
मिथुन : आजको दिन रचनात्मक सोच र नयाँ अवसरले भरिएको छ ।
कर्कट : आज तपाई भावनात्मक रुपमा अलि कमजोर महसुस गर्न सक्नुहुन्छ ।
सिंह : आज नेतृत्व क्षमता देखाउने अवसर मिल्नेछ ।
कन्या : आजको दिन मेहनत अनुसारको फल पाउने दिन हो ।
तुला : आज सन्तुलन कायम राख्नुपर्ने दिन हो ।
वृश्चिक : आज तपाईको आत्मविश्वास उच्च रहनेछ ।
धनु : यात्रा वा नयाँ अनुभवको सम्भावना छ। अध्ययन तथा अनुसन्धानमा रुचि बढ्नेछ।
मकर : आज काममा जिम्मेवारी बढ्न सक्छ ।
कुम्भः आज नयाँ विचार र योजनाले तपाईलाई अगाडि बढाउनेछ ।
मीनः आजको दिन शान्त र सकारात्मक रहनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

**महत्वपूर्ण टेलिफोन नम्बरहरू**
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

**नेपाल रेल्वको समय तालिका**

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

**जानकी मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

**राम मन्दिर प्रत्येक दिन**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## दक्ष जनशक्ति सिर्जना गर्ने योजना गर्ने नवनियुक्त श्रममन्त्री साहको निर्णय



काठमाण्डु । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय मन्त्री दीपककुमार साहले पदभार ग्रहण गरेलगत्तै दक्ष जनशक्ति सिर्जना गर्ने निर्णय गर्नुभएको छ।

सिंहदरबारस्थित मन्त्रालयमा आज मन्त्रालयका सचिव डा दीपक काफ्लेले मन्त्रालयले प्रस्ताव गरेको 'नेस्नल एकेडेमी अफ भोकेसन ट्रेनिङ' को एक महिनाको रणनीति योजना बनाउने गरी प्रस्ताव गरिएको निर्णयमा मन्त्री साहले हस्ताक्षर गर्नुभएको हो।

निर्णयमा हस्ताक्षरपछि मन्त्री साहले रोजगारीमा सबैभन्दा ठूलो समस्या भनेको दक्ष जनशक्तिको अभाव रहेको बताउनुभयो। खासगरी खाडी मुलुकमा रोजगारका लागि जाने नेपालीको अवस्था अझै नाजुक रहेको बताउँदै देशमा दक्ष जनशक्ति उत्पादन गर्ने उहाँको प्रतिबद्धता रहेको छ।

महोत्तरी क्षेत्र नं २ बाट आफू निर्वाचित भएकाले त्यहाँका जनताको मनोभावनाअनुरुप कार्ययोजना बनाउने मन्त्री साहले बताउनुभयो। "रोजगारीमा सबैभन्दा ठूलो दक्ष सीपको समस्या छ", उहाँले भन्नुभयो, "हाम्रो जनशक्तिलाई स्किलपुल बनाउनु पर्छ। विदेशमात्रै होइन, स्वदेशमा बस्ने जनशक्तिलाई पनि दक्ष बनाएर रोजगार यही सिर्जना गर्नुपर्छ।"

जनतालाई दिएको 'म्यान्डेड' यही रहेको बताउँदै मन्त्री साहले शिक्षासँगै सीप सिकाउनु अहिलेको जनशक्तिको माग र आवश्यकता रहेको उहाँको धारणा थियो। यसका लागि मन्त्रालयले गरेको पाँचवर्षे योजनालाई सफल पार्ने प्रतिबद्धतासमेत मन्त्री साहले दिनुभयो। रासस

# परम्परा तोड्दै 'कोर्ट म्यारिज'प्रति आकर्षण बढ्दो

काठमाण्डु । यही चैत ११ गतेका दिन कालो जिन्सको ज्याकेट र पेन्टमा जिल्ला अदालत काठमाडौँ परिसरमा भेटिनुभएका बाजुरा त्रिवेणी नगरपालिका-७ का लोकेसकुमार अयडी निकै हतारमा देखिनुहुन्थ्यो। उहाँसँगै सोही जिल्लाकै गौमूल-४ की पुनम कुँवर हरियो कुर्ता सुरुवालमा अघिपछि गर्दै हुनुहुन्थ्यो। उहाँहरू अदालतमा अन्य कुनै प्रशासनिक झमेला र न्यायका लागि आउनुभएको भने थिएन।

उहाँहरू त्यहाँ अदालती विवाह अर्थात् दर्ता विवाहका लागि आउनुभएको थियो। आवश्यक प्रक्रिया पूरा गरिसकेपछि दुलहा अयडी र दुलही कुँवरले सोही दिन नै विवाह दर्ताको प्रमाणपत्र प्राप्त गर्नुभयो। वैदेशिक रोजगारीका सिलसिलामा जापानमा रहनुभएका अयडी छोटो बिदामा नेपाल आएर घरपरिवारसँगको सहमतिमा अदालती विवाह गर्नुभयो।

दुलहा अयडी भन्नुहुन्छ, "चैत महिना छ, परम्परागत विवाह गर्न लगन, तिथि र मिति जुरेन। त्यो नभएपछि घरपरिवारको अनुमतिमा अदालती विवाह गर्ने निधो गरौँ। घर पुग्न सम्भव भएन, कम खर्चिलो, छोटो समयमा हुने भएकाले यो बाटो रोजेको हुँ।" त्यसो त धेरैले विवाह भन्ने बित्तिकै गर-गहनासहित चिटिक्कै वेशभूषामा सजिएका दुलहादुलही परम्पराअनुसारको सजावट सम्झिनु स्वाभाविक हो।

पछिल्लो समय बढ्दो दर्ता विवाहले त्यस्ता परम्परागत भाष्य चिर्न थालेको छ। अयडी र कुवँरको जोडी मात्र होइन, यही चैत १० गते तनहुँको भानु नगरपालिका-१२ का कसम पन्त र धादिङ त्रिपुरासुन्दरी गाउँपालिका-१ की भावना गिरीले पनि सोही अदालतबाट दर्ता विवाह गर्नुभयो। पन्त र गिरीको जोडी सामान्य पोसाकमा विद्यार्थीझैँ पछाडि ब्याग भिरेर भर्खरै प्राप्त गरेको दर्ता विवाहको प्रमाण लिई 'साइन बोर्ड'मा अदालत लेखिएको अक्षर कैद हुनेगरी तस्बिर खिचाई रहनुभएको थियो।

दुलहा पन्तले भन्नुभयो, "स्वअध्ययनबाट 'कोट म्यारिज' भरपर्दो, विश्वासिलो हुन्छ भन्ने थाहा पाएर यहाँ आएको हुँ, यो आफैँ पनि कानुनी विवाह हो। केटाकेटी र घरपरिवार राजी भएमा छोटो समयमा पूरा हुने, कम खर्चिलो, सजिलो र परिवारलाई आर्थिक भार व्यहोर्न नपर्ने विवाह हो।"

पछिल्लो समय बढ्दको सहरीकरण, वैदेशिक रोजगारी, व्यस्तता तथा भड्किलो बनिरहेको सामाजिक परम्पराले दर्ता विवाह (कोर्ट म्यारिज) प्रति आम





नागरिकको चासो र आकर्षण बढेको देखिन्छ। अदालती विवाहले बाल-विवाह, बहु-विवाह, झूटो-विवाहलाई निरुत्साहित गर्ने र समयको बचत गरी दाइजो प्रथाजस्ता सामाजिक कुप्रथालाई पनि न्यूनीकरण गर्ने हुँदा यसप्रति समाज सकारात्मक बन्दै गएको हो।

काठमाण्डु जिल्ला अदालतमा सबैभन्दा धेरै गत फागुनमा एकै दिन २७ जोडीले दर्ता विवाह गरेको तथ्याङ्क छ। अदालतका सूचना अधिकृत दीपककुमार श्रेष्ठका अनुसार लगन भएको दिन अधिकतम २७ र अघिपछि सरदर दैनिक १० वटासम्म दर्ता विवाह हुने गरेका छन्।

चालु आर्थिक वर्षको नौ महिनामा (चैत ११ गतेसम्म) त्यस अदालतबाट एक हजार ७५५ वटा दर्ता विवाह भएको उहाँले जानकारी दिनुभयो। अघिल्लो आर्थिक वर्षमा दर्ता विवाहका लागि दुई हजार ८४३ निवेदन परेका थिए। तर, कुल दर्ता विवाहको अभिलेख भने जेनजी आन्दोलनमा जलेको जिल्ला अदालतले जनाएको छ।

नेपाली परम्पराअनुसार लगनका आधारमा विवाहका लागि उपयुक्त महिना तोकिएका हुन्छन्। तर, त्यस्ता परम्परागत विवाहका महिना नमानिने साउनमा १९४, कात्तिकमा १५९, पुसमा २२६ र चैतको ९ गतेसम्म ६७ वटा दर्ता विवाह भएको काठमाडौँ जिल्ला अदालतको अभिलेखमा उल्लेख छ।

**दर्ता विवाहमा कानुनको प्रोत्साहन**

समाजशास्त्री टीकाराम गौतम दर्ता विवाह आधुनिक समाजको विशेषता र समाज परिवर्तनको सङ्केतका रूपमा रहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "समाजमा हुने सबै संस्कृतिलाई सामाजिक संरचना र मानिसका आवश्यकतासँग जोडेर व्याख्या गरिन्छ। अहिले नेपाली समाजको धार्मिक, राजनीतिक, सांस्कृतिकलगायत सामाजिक संरचना हिजोभन्दा धेरै परिवर्तन भएको छ। त्यो अभ्यास बदलिने क्रममा दर्ता विवाहको सङ्ख्या पनि बढेको हो।"

कानुन र आफन्तलाई साक्षी राखी तोकिएको योग्यता पूरा गरी हुने अदालती विवाहलाई राज्यले सधैँ प्रोत्साहन गर्दै आएको छ। विवाहका लागि लगन रहेको गत फागुनमा काठमाडौँ अदालतबाट २५९ युवायवतीले दर्ता विवाह गरेका थिए। त्यस महिनामा नेपाली र विदेशी नागरिकबीच ७८ जोडीको दर्ता विवाह भएको छ।

दर्ता विवाह गर्ने जोडीहरू अधिकांश अध्ययन, व्यापार, रोजगारीका सिलसिलामा विभिन्न पेसा व्यवसायमा काठमाडौँमा रहेका र विवाह दर्ताका लागि आफ्नो स्थायी ठेगानामा जान अनुकूल नहुनेहरू हुने गरेका छन्। वरिष्ठ अधिवक्ता सुनिता रेग्मी पोखरेल दर्ता विवाह पहिले प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट हुने गरेकामा हाल जिल्ला अदालतमा बताउनुहुन्छ।

"वैदेशिक रोजगारीमा युवा विदेश जाने क्रम बढेसँगै यो सङ्ख्या पनि बढेको पाइन्छ। केटा होस् वा केटी विदेशबाट नेपाल आई दर्ता विवाह गर्दा दुवैका लागि आधिकारिक र प्रमाणित काजगात बन्ने हुनाले पनि यसको महत्व बढेको हो," उहाँ भन्नुहुन्छ, "ऐनले पनि विवाहलाई सार्वजनिक गर्न भनेको छ। कन्यादान, गोडाधुने, छोरी जिम्मा लगाउनेलगायतका परम्परागत विवाह प्रक्रियामै दोष छ भन्ने युवाको बुझाइले गर्दा यस्ता विवाहमा प्रोत्साहन मिलेको हो।" विवाह दर्ता र दर्ता विवाह फरक विषय हुन्। पञ्जिकाधिकारी कार्यालयमा गरिने कार्य विवाह दर्ता हो भने दर्ता विवाह अदालतमा गरिने विषयमा प्रस्ट हुनपर्ने वरिष्ठ अधिवक्ता रेग्मी बताउनुहुन्छ।

**पाँच सय रूपैयाामा विवाह**

दर्ता विवाहका लागि दुबै पक्षको साक्षीको नागरिकताको प्रमाणित नक्कल प्रतिलिपिसहित केटाकेटीले कानुनबमोजिम आफूहरू विवाहका लागि योग्य छौँ भनी तस्बिर टाँसेर निवेदन दिनुपर्ने हुन्छ। अदालतले दर्ता विवाह गरेबापत रु ५०० शुल्क लिने गरेको छ। काठमाडौँ जिल्ला अदालतमा विवाहका लागि आइपुग्नुभएका कैलाली लम्कीका विनोद विष्ट रोजगारीका लागि सर्बिया जान लागेकाले छोटो समयको सदुपयोग गर्दै दर्ता विवाह गरेको बताउनुभयो।

उहाँले भन्नुभयो, "आधिकारिक निकायमा आएर कानुनी विवाह गर्ने मौका जुर्‍यो, यो कम खर्चिलो मात्र नभई बाहिर जान आवश्यक काजगात बनाउन पनि सजिलो हुने रहेछ।" विवाहका लागि अदालती प्रक्रिया पुरा गरी यही चैत १० गते उहाँ कैलालीकै रश्मी बडुवालसँग वैवाहिक बन्धनमा बाँधिनुभएको छ।

कानुनमा अदालती दर्ता विवाहका लागि सात दिनको समय निर्धारण गरेतापनि सबै कागजात पुर्‍याएको खण्डमा एकै दिन विवाह दर्ता प्रमाणपत्र दिँदै आएको अदालतका सूचना अधिकारी श्रेष्ठले बताउनुभयो।

काठमाडौँमा मुलुकका ७७ जिल्लाका नागरिक बसोबास गर्ने तथा कतिपय अवस्थामा हतारमा विवाह गरेर विदेश जानुपर्ने अवस्थालाई दृष्टिगत गरी दुई घण्टाभित्रै पनि प्रमाणपत्र दिन सकिने व्यवस्था गरिएको उहाँले स्पष्ट पार्नुभयो। "यो अदालतले सेवाग्राहीलाई उपलब्ध गराएको 'फास्ट ट्र्याक सेवा' हो", उहाँले भन्नुभयो।

अदालती विवाहले नेपाली समाजमा विगतमा देखिँदै आएको जातीय विभेद न्यूनीकरण गर्नसमेत सहयोग पुर्‍याएको दलित अधिकारकर्मीको बुझाइ छ। अदालती विवाहमा आउने कतिपय दुलहा र दुलही सिङ्गारिएर परिवारका साथमा आउने र साइत सम्बोधन हुनेगरी प्रमाणपत्र लिने गरेका उदाहरण पनि छन्।

नेपाली-नेपालीबीचमा विवाह गराउनका लागि दुबै जना अविवाहित भएको केटा र केटीको स्थायी बसोबासको सम्बन्धित वडा कार्यालयको सिफारिस आवश्यक पर्छ भने विदेशीको हकमा कम्तीमा १५ दिन नेपालमा बसोबास गरेको कागजात हुनुपर्छ। साथै, यहाँस्थित सम्बन्धित देशको दूतावासबाट 'नो अब्जेक्सन लेटर' तथा विवाहयोग्य भएको प्रमाणित सिफारिस आवश्यक पर्छ।

विदेशीका हकमा जुन देशको नागरिक हुनुहुन्छ, त्यस देशले विवाहका लागि न्यूनतम उमेर तोकिदिएको हुन्छ, त्यो जुनसुकै भाषामा भए पनि नेपाली भाषामा अनुवाद गरी पेस गरेको हुनुपर्छ। नेपालमा सम्बन्धित देशको दूतावास नभएको खण्डमा भारतमा रहेको दूतावासको सिफारिस पनि ग्रहण गर्ने अभ्यास रहेको छ।

**लगन हेरर अदालतमा पूर्वतयारी**

पछिल्लो समय दर्ता विवाहका लागि पनि कतिपय जोडीले ज्योतिषसँग साइत हेराएर आउने गरेको पाइएको छ। अदालतले पनि भोलिपल्ट विवाहका लागि लगन रहेछ भने सोही अनुरूपमा पूर्वतयारी र जनशक्ति व्यवस्थापन गर्दै आएको छ। अदालत परिसरमा दैनिकजसो अधिकांश जोडीबीच फूलमाला र औँठी साटासाट तथा सिन्दूरपोते पहिरिएर उत्सव मनाइने गरेको दृश्य देखिने गरेको छ।

पछिल्लो समय काम विशेष र व्यस्तताले पनि अदालती विवाहप्रति चासो बढेको छ। कतिपयले त अदालतमा विवाह दर्ता गरेपछि भने आफ्नो परम्परा र रीति परम्पराअनुसार विवाह गर्ने गरेकोसमेत पाइन्छ।

**हास्ने र रुने एकै ठाउ हुादा विवाह 'खल्लो'**

अदालतमा दर्ता विवाहका लागि बेग्लै भवन र परिसर नहुँदा उत्सवका रूपमा पुगेका जोडीलाई त्यसअनुकूलको वातावरण प्राप्त नहुने गरेको गुनासो छ। विभिन्न अपराधमा संलग्न व्यक्ति र विवाहका लागि पुगेका परिवारजन एकै ठाउँमा रहनुपर्ने बाध्यताले असहजता देखिएकाले विवाहका लागि छुट्टै स्थानको आवश्यकता महसुस भएको आवाज उठेको छ। वैवाहिक सम्बन्धले सामाजिक तथा पारिवारिक जीवनको सुव्यवस्थालाई समेत कानुनी मान्यता प्रदान गर्छ।

मुलुकका सबै जिल्ला अदालतमा विवाह दर्ता हुँदै आए पनि तुलनात्मक रूपमा ललितपुर, भक्तपुर, कास्की, रुपन्देही, सुनसरी, पर्सा, चितवन, मकवानपुरलगायतका जिल्लामा अदालती विवाह धेरै हुने गरेको छ। अदालतले कानुन र आफन्तलाई साक्षी राखी गरिने विवाहलाई सधैँ प्रोत्साहन गर्दै आएको छ। रासस

# एसइई परीक्षाको तयारी पूरा, पाँच लाख १२ हजारभन्दा बढीले परीक्षा दिँदै

भक्तपुर । राष्ट्रिय परीक्षा बोर्डले यही चैत १९ देखिदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसइई) को परीक्षा तयारी पूरा गरेको छ। देशभरका सबै परीक्षा केन्द्रबाट एकै समयमा सुरु हुने परीक्षाको तयारी पूरा भएको बोर्डले जनाएको छ।

परीक्षा चैत २९ गते सम्पन्न हुनेछ। यस वर्ष एसइईमा पाँच लाख १२ हजार ४२१ विद्यार्थीले परीक्षा दिने परीक्षा नियन्त्रक टुकराज अधिकारीले जानकारी दिनुभयो।

**परीक्षा दिनेमा छात्राको सङ्ख्या बढी**

यसपटक नियमिततर्फ चार लाख ४१ हजार ५६६ जनाले र ग्रेडवृद्धितर्फ ७० हजार ८५५ जनाले परीक्षा दिने भएका छन्। परीक्षा दिनेमा छात्राको सङ्ख्या बढी रहेको छ। यसवर्ष दुई लाख ५७ हजार ६१३ जना छात्रा, दुई लाख ५४ हजार ८०७ छात्र र अन्य सात जना परीक्षामा सहभागी हुने भएका छन्। यस्तै, जापानको एक परीक्षा केन्द्रबाट २३ जनाले परीक्षा दिने बोर्डले जनाएको छ।

**सबैभन्दा बढी विद्यार्थी बागमती, कम कर्णाली**

यसवर्ष बागमती प्रदेशबाट सबैभन्दा बढी एक लाख नौ हजार ५१३ विद्यार्थी परीक्षामा सहभागी हुँदैछन्। यस्तै, कोशीबाट ८२ हजार ४८७ जना, मधेसबाट ९० हजार २४३ जना, गण्डकीबाट ४३ हजार ९७२ जना, लुम्बिनीबाट ९१ हजार ८०२, कर्णालीबाट ३९ हजार ७६९ र




सुदूरपश्चिमबाट ५४ हजार ६३५ विद्यार्थी सहभागी हुनेछन्।

बोर्डले परीक्षाका लागि देशभर एक हजार ९६६ परीक्षा केन्द्र निर्धारण गरेको छ भने देशभरका ११ हजार ३७९ विद्यालयका विद्यार्थी परीक्षामा सहभागी हुने परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभयो।

**यस्तो छ परीक्षा तालिका**

यही चैत १९ गते बिहान ८ बजेदेखि देशभर एकैसाथ परीक्षा हुँदैछ। पहिलो दिन अनिवार्य अंग्रेजी विषयको परीक्षा सञ्चालन हुनेछ भने चैत २० मा अनिवार्य नेपाली, २२ मा अनिवार्य गणित, २३ मा विज्ञान तथा प्रविधि, २४ मा सामाजिक अध्ययन, २५ मा ऐच्छिक प्रथम खण्डका सबै विषय र २६ मा ऐच्छिक द्वितीय खण्डका सबै विषय र चैत २७, २८ एवं २९ गते प्राविधिक धारका बाँकी विषयको परीक्षा सञ्चालन हुने परीक्षा नियन्त्रक अधिकारीले बताउनुभयो।

**परीक्षा अनुगमनमा रोक**

बोर्डले यसवर्ष एसइई परीक्षाको सामूहिक अनुगमनमा रोक लगाएको छ। परीक्षा केन्द्र अनुगमनका नाममा विभिन्न सङ्घ सङ्गठनका प्रतिनिधि हलमा प्रवेश गर्दा परीक्षा दिइरहेका परीक्षार्थीको लेखन कार्यमा अवरोध पुगेको व्यापक गुनासो आएपछि बोर्डले सामूहिक अनुगमनमा रोक लगाएको हो।

अनुगमनका लागि प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा गठन गरिएको जिल्ला परीक्षा समन्वय समितिका आधिकारिक प्रतिनिधिबाट परीक्षा केन्द्रको बाहिर मात्र अनुगमन गर्ने बोर्डले निर्णय गरिएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभयो।

यस्तै, पत्रकारले परीक्षा केन्द्रको बाहिरी दृश्य मात्र छायाङ्कन गर्न वा तस्बिर लिन मिल्ने जानकारी दिँदै उहाँले परीक्षा हलमा केन्द्राध्यक्ष तथा त्यस दिन खटिएका प्रतिनिधिले मात्र अनुगमन गर्न सक्ने व्यवस्था गरिएको बताउनुभयो।

बोर्डले परीक्षा हलभित्र दृश्य छायाङ्कन गरी सामाजिक सञ्जालमा राखेर विद्यार्थीमा विचलन नल्याउन सबैमा आग्रह गरेको छ।

**जिल्ला जिल्लामा पुर्‍याइयो प्रश्नपत्र**

परीक्षा नियन्त्रण कार्यालयले सातै प्रदेशका लागि सबै जिल्लामा प्रश्नपत्र पुर्‍याएको छ। जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा छपाइ सम्पन्न गरेर प्रश्नपत्र सुरक्षा नियकाको सहयोगमा सबै जिल्लामा पुर्‍याइएको परीक्षा नियन्त्रक अधिकारीले जानकारी दिनुभयो।

"सातै प्रदेशमा फरक प्रश्न पत्र छपाइ गरिएको छ। परीक्षामा सोधिने छ वटै अनिवार्य विषयका प्रश्न प्रदेशअनुसार फरकफरक छापिएको छ", उहाँले भन्नुभयो,"यदि परीक्षाका क्रममा कतै समस्या भएमा सम्बन्धित प्रदेशको निश्चित विषयको मात्र परीक्षा रद्ध गरी पुनः प्रश्नपत्र छपाइ गर्न सकिने व्यवस्था गरिएको छ।"

**यस्तो छ सुरक्षा व्यवस्था**

प्रत्येक परीक्षा केन्द्रमा जिल्ला परीक्षा समितिले तय गरेअनुसार आवश्यकताको आधारमा सुरक्षाकर्मी परिचालन हुनेछन्। यद्यपि, प्रत्येक केन्द्रमा १५ जना प्रहरी, एक केन्द्राध्यक्ष, एक सहायक केन्द्राध्यक्ष, २० जना परीक्षार्थी बराबर एक निरीक्षक, एक सय परीक्षार्थी बराबर एक कार्यालय सहयोगी र अन्य दुई कर्मचारीको व्यवस्था गरिएको बोर्डले जनाएको छ। रासस

# एमाले वडाध्यक्षले दिए राजीनामा

**टुडे समाचारदाता**

जनकपुरधाम। नेकपा एमालेका नेता श्याम किशोर मण्डलले राजीनामा दिएका छन्। जिल्ला सदस्य रहेका मण्डलले बिहीवार एक प्रेस विज्ञप्ति जारी गरी जिल्ला सदस्यसहित वडाध्यक्ष, वडा इन्चार्जसहित सम्पूर्ण जिम्मेवारीबाट राजीनामा दिएको घोषणा गरेका छन्।

जनकपुरधाम वडा नम्बर १० निवासी मण्डल सोही वडाका अध्यक्ष एवं इन्चार्ज थिए भने जनजाति कोटाबाट जिल्ला सदस्य रहेका थिए। उनले संगठन बलियो बनाउन निकै मेहनत गरे। तर पार्टीकै केन्द्रिय नेताहरुको क्रियाकलाप र अभिव्यक्तिको कारण मधेशमा पार्टीको बदनामी भइरहेकाले राजीनामा बाध्य भएको विज्ञप्तिमा उल्लेख गरेका छन।

उनले भनेका छन् राजीनामा दिने प्रमुख कारण भनेको पार्टीका केन्द्रिय कमिटीका केही वरिष्ठ नेताजीहरुले मधेश प्रदेशप्रति बारम्बार मधेशका जिल्ला तथा जनताहरुप्रति गलत अभिव्यक्तिले गर्दा मधेश प्रदेशबाट एमालेले एउटा पनि जित्न नसकेको र मलाई काम गर्न केही पुँजीवादीहरुले अवरोध गरिरहेका कारण राजीनामा दिएर स्वतन्त्र नागरिकको रुपमा जनताको सेवा गर्नेछु।

# मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण प्राथमिकतामा रहनेछः वनमन्त्री चौधरी

काठमाण्डु।वनतथावातावरणमन्त्री गीता चौधरीले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणलाई आफ्नो कार्यकालको प्रमुख प्राथमिकतामा राख्ने बताउनुभएको छ।

सिंहदरबारस्थित मन्त्रालयमा आज पदभार ग्रहण गर्दै मन्त्री चौधरीले पछिल्लो समय बढ्दै गएको मानव-वन्यजन्तु द्वन्द्वलाई नियन्त्रण गर्नु आजको आवश्यकता भएको उल्लेख गर्नुभयो। उहाँले द्वन्द्व न्यूनीकरणका लागि सरोकारवालासँग छलफल गरी ठोस रणनीतिसहित अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

"विशेष गरी वन पैदावार र समुदाय दुवैलाई सशक्त बनाउनुपर्ने आवश्यकता छ", मन्त्री चौधरीले भन्नुभयो। शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज क्षेत्रबाट आफू आएको उल्लेख गर्दै मन्त्री चौधरीले मध्यवर्ती क्षेत्रका बासिन्दाले भोगिरहेका समस्यालाई समाधान गर्न प्राथमिकता दिइने बताउनुभयो।

यसै अवसरमा वन तथा वातावरण मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्माले नवनियुक्त मन्त्री चौधरीलाई स्वागत गर्दै नेपालको वन तथा वातावरण क्षेत्रका उपलब्धि, चुनौती तथा आगामी कार्यदिशाबारे जानकारी गराउनुभयो।

सचिव शर्माका अनुसार नेपालले वन्यजन्तु संरक्षणमा उल्लेखनीय प्रगति हासिल गरेको छ। पछिल्लो समय बाघलगायत प्रमुख प्रजातिको सङ्ख्या उल्लेख्य रूपमा वृद्धि भएको उहाँले जानकारी दिनुभयो। वन



क्षेत्रले कच्चापदार्थ आपूर्ति गर्दै जीविकोपार्जन, उद्योग तथा उद्यम विकासमा महत्वपूर्ण योगदान पुऱ्याइरहेको पनि उहाँले स्पष्ट पार्नुभयो।

सचिव शर्माका अनुसार नेपालले पहिलोपटक अन्तरराष्ट्रिय कार्बन बजारबाट आम्दानी गर्न सफल भएको छ। "यसले वन संरक्षणको उपलब्धिलाई अन्तरराष्ट्रियस्तरमा स्थापित गरेको छ। देशभर वन क्षेत्र विस्तार हुँदै गएको र हरियालीमा सुधार आएको भए पनि केही स्थानमा अझै समस्या कायमै छ", उहाँले भन्नुभयो।

सामुदायिक वन व्यवस्थापनले स्थानीय सहभागितामार्फत सकारात्मक परिणाम दिएको उल्लेख गर्दै सचिव शर्माले जैविक विविधता संरक्षणमा अझ निरन्तरता आवश्यक रहेको बताउनुभयो। उहाँका अनुसार नेपालका संरक्षित क्षेत्रमा वार्षिक छ लाख ६५ हजारभन्दा बढी पर्यटक आगमन हुने गरेको छ, जसले वन पर्यटनको सम्भावना उजागर गरेको छ।

वन क्षेत्र, जलविद्युत् आयोजना र पूर्वाधार विकासबीच सन्तुलन आवश्यक रहेको औँल्याउँदै उहाँले सडक विस्तार र जलविद्युत् आयोजनामा वन क्षेत्रको प्रयोग बढेको जानकारी दिनुभयो। विकास र संरक्षणबीच सन्तुलन कायम गर्नुपर्ने आवश्यकतामा सचिव शर्माले जोड दिनुभयो।

काठ उत्पादनमा वृद्धि भए पनि माग र आपूर्तिबीच असन्तुलन रहेको उल्लेख गर्दै सचिव शर्माले स्वदेशी उत्पादनलाई उद्योगसँग जोड्ने नीतिको आवश्यकता औँल्याउनुभयो। उहाँले वन क्षेत्रका प्रमुख चुनौती राजनीतिक, सामाजिक, आर्थिक तथा प्राविधिक पक्षसँग सम्बन्धित रहेको बताउँदै बजेट अभाव, वन अतिक्रमण, प्रदूषण तथा जटिल कानुनी प्रक्रियाले व्यवस्थापनमा कठिनाइ थपेको जानकारी दिनुभयो।

जलवायु परिवर्तनलाई प्रमुख चुनौतीका रूपमा उल्लेख गर्दै सचिव शर्माले वन स्रोतको दिगो उपयोग, प्रदुषण नियन्त्रण तथा कानुनी सुधारमा ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो। साथै, रोजगारी सिर्जना, आर्थिक विकास, पर्यटन प्रवर्द्धन तथा जडीबुटीको अन्तरराष्ट्रिय बजार विस्तारका योजना अघि सारिएको उहाँले बताउनुभयो।रासस

# चैते दसैँ (नवरात्रि): परम्परा, आस्था र आत्मशुद्धिको अखण्ड यात्रा



प्रफुल्ल घिमिरे



चैत शुक्ल प्रतिपदाको पावन तिथिसँगै प्रारम्भ हुने नवरात्रि, जसको उत्कर्ष चैत शुक्ल अष्टमी र नवमी हुँदै चैते दसैँका रूपमा अभिव्यक्त हुन्छ, सनातन धर्मावलम्बीहरूको आस्था, साधना र सांस्कृतिक निरन्तरताको अनुपम पर्व हो। चैत ५ गते विहिबार शुक्ल प्रतिवदा देखि प्रारम्भ भएको यस चैते नवरात्रिले केवल धार्मिक अनुष्ठानको सुरुवात मात्र जनाउँदैन कि यो मानव जीवनमा नवचेतना, आत्मशुद्धि र आध्यात्मिक उन्नतिको ढोका खोल्ने एक पवित्र साधना शुद्धीकरणको समय पनि हो।

सनातन धर्मअनुसार वर्षमा चारवटा नवरात्रिहरू मनाइन्छन्। चैत, असार, आश्विन र माघ महिनामा। यिनमध्ये चैत र आश्विनका नवरात्रिलाई 'प्रत्यक्ष नवरात्रि' तथा असार र माघका नवरात्रिलाई 'गुप्त नवरात्रि'का रूपमा लिने गरिन्छ। प्रत्यक्ष नवरात्रिमा विशेष गरी दुर्गा माताका विविध स्वरूपहरूको पूजा-उपासना गरिन्छ भने गुप्त नवरात्रिमा दुर्गाका दश महाविद्याहरूको साधना गरिन्छ। यही नवरात्रिको अन्तिम चरणमा पुग्दा चैत शुक्ल अष्टमी र नवमीमा मनाइने पर्व नै चैते दसैँ हो, जसले नवरात्रिको सम्पूर्ण साधना, आस्था र श्रद्धालाई एक उत्कर्षमा पुऱ्याउँछ।

माता दुर्गालाई धन, सुख, समृद्धि तथा सम्पूर्ण मनोकामना पूरा गर्ने आदिशक्तिको रूपमा पूजा गरिन्छ। नवरात्रिको अवधिभर भक्तजनहरूले मठ-मन्दिरदेखि घर-आँगनसम्म दुर्गा सप्तशती, देवी भागवत, कालिका पुराण, रामायण लगायत देवी महिमायुक्त ग्रन्थहरूको वाचन तथा पाठ गर्ने गर्दछन्। यही धार्मिक साधना र भक्ति भाव चैते दसैँका दिन चरम उत्कर्षमा पुग्छ, जहाँ चण्डीपाठ, पूजा-अर्चना, बलि, प्रसाद र सामूहिक उत्सवले सम्पूर्ण समाजलाई एक आध्यात्मिक वातावरणमा डुबाउँछ।

आश्विनको बडादशैँजस्तै चैतको दसैँ पनि असत्य र अधर्ममाथि सत्य र धर्मको विजयको प्रतीक हो। यद्यपि, यसको स्वरूप केही फरक र सन्तुलित छ, जहाँ धार्मिक अनुष्ठानसँगै आत्मचिन्तन, साधना र संयमको पक्ष अझ गहिरो रूपमा प्रतिविम्बित हुन्छ। कतिपय स्थानमा यसलाई 'सानो दसैँ' भनेर सम्बोधन गरिए पनि यसको महत्त्व, गरिमा र सांस्कृतिक गहिराइ कुनै पनि रूपमा कम छैन।

पौराणिक प्रसङ्गहरूले यस पर्वलाई अझ अर्थपूर्ण बनाएका छन्। वाल्मीकि रामायणमा वर्णित कथा अनुसार भगवान् श्रीरामले रावणसँग युद्ध गर्नु अघि नौ दिनसम्म दुर्गा माताको विधिपूर्वक पूजा गरी आध्यात्मिक शक्ति प्राप्त गरेका थिए। यही शक्तिको बलमा उनले दशमीका दिन रावणको वध गरी सत्यको विजय सुनिश्चित गरे। यसै सन्दर्भमा, नवरात्रिको व्रत प्रारम्भ गर्ने पहिलो व्यक्ति पनि श्रीराम नै मानिन्छन्। सामाजिक मान्यताअनुसार चैत शुक्ल अष्टमीकै दिन श्रीरामले आफ्नो १४ वर्षे वनवास समाप्त गरी अयोध्या फर्किएको स्मरणमा पनि चैते दसैँ मनाइन्छ।

चैत नवरात्रिको पहिलो दिनलाई सृष्टिको आरम्भको दिनका रूपमा पनि लिने गरिन्छ। ब्रह्माले यसै दिन सृष्टि रचना गरेको विश्वास रहिआएको छ। हिन्दू पंचाङ्गअनुसार पनि यही दिनबाट नववर्ष प्रारम्भ हुन्छ। अझ यसै नवरात्रिको नवमी तिथिमा भगवान् श्रीरामको अवतरित भएका हुन्। जसलाई राम नवमीका रूपमा विशेष उत्सवका साथ सनातन धर्मावलम्बीले मानाउदै आइरहेका छन । यसरी नवरात्रि र चैते दसैँ धार्मिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिले अत्यन्त गहिरो अर्थ बोकेको पर्व हो।

नवरात्रिको प्रारम्भ घटस्थापनाबाट हुन्छ। कलश स्थापना गरी जौ छर्ने परम्पराले सृष्टि, उर्वरता र जीवनचक्रको प्रतीकात्मक अर्थ बोकेको छ। जौलाई ब्रह्माको प्रतीक तथा पहिलो अन्नका रूपमा मानिन्छ। पौराणिक कथनअनुसार सृष्टिको प्रारम्भमा सबैभन्दा पहिले विकसित भएको अन्न जौ नै थियो, त्यसैले पूजा-हवनमा यसको विशेष स्थान रहिआएको छ।

नवरात्रिका नौ दिनमा दुर्गाका नौ स्वरूपहरूको पूजा गरिन्छ, शैलपुत्री, ब्रह्मचारिणी, चन्द्रघण्टा, कुष्माण्डा, स्कन्दमाता, कात्यायनी, कालरात्रि, महागौरी र सिद्धिदात्री। यी नौ स्वरूपहरू केवल देवीका रूप मात्र नभई मानव जीवनका नौ गुण, नौ चेतना र नौ आध्यात्मिक चरणका प्रतीक पनि हुन्। सप्तमी, अष्टमी र नवमीका दिन विशेष हवन तथा पूजा गरिन्छ, र अष्टमीमा पुग्दा चैते दसैँको मुख्य रौनक देखिन्छ।

चैते दसैँका दिन विभिन्न शक्तिपीठहरूमा भक्तजनहरूको घुइँचो लाग्छ। मन्दिरहरूमा पूजा-अर्चना, बलि तथा प्रसाद वितरण गरिन्छ। कतिपय स्थानमा पशुबली दिने परम्परा अझै कायम छ भने कतिपयले यसको प्रतीकात्मक विकल्पका रूपमा फलफूल वा तरकारी चढाउने अभ्यास अपनाएका छन्। यसले परम्परा र आधुनिक चेतनाबीच सन्तुलन खोज्ने प्रयासलाई संकेत गर्छ।

घरघरमा मिष्ठान्न भोजन तयार पारिन्छ, आफन्तजनलाई बोलाएर सँगै खाने, रमाइलो गर्ने चलन रहिआएको छ। छोरी-चेली, दिदी-बहिनी तथा कुटुम्बजनसँगको भेटघाटले पारिवारिक सम्बन्धलाई अझ सुदृढ बनाउँछ। यसरी चैते दसैँ केवल धार्मिक पर्व नभई सामाजिक एकता र आत्मीयताको पनि पर्व हो।

नवरात्रिको अवधिमा उपवास बस्ने, सात्त्विक भोजन गर्ने, एकछाक मात्र खानेजस्ता अभ्यासले शरीर र मनलाई शुद्ध बनाउँछन्। धार्मिक मान्यताअनुसार यस अवधिमा गरिएको साधनाले चालीस दिनको तपस्या सरह फल दिन्छ। तर यसको वैज्ञानिक पक्ष पनि उत्तिकै महत्त्वपूर्ण छ। चैत महिनामा मौसम परिवर्तन हुने भएकाले शरीरमा विभिन्न असर पर्न सक्छ। यस्तो अवस्थामा उपवास, हल्का आहार र ध्यानले शरीरलाई सन्तुलित राख्न मद्दत गर्छ।

आयुर्वेदमा उपवासलाई 'सर्वश्रेष्ठ औषधि' मानिएको छ। "लंघनं परमौषधम्"। यसले शरीरका विषाक्त तत्वहरू हटाउने, पाचन प्रणालीलाई विश्राम दिने र रोगप्रतिरोधात्मक क्षमता बढाउने कार्य गर्छ। यसरी नवरात्रि केवल धार्मिक आस्था मात्र होइन, स्वास्थ्य र जीवनशैलीसँग जोडिएको वैज्ञानिक अभ्यास पनि हो।

तर ज्योतिष शास्त्रको अनुसार हेर्दा दुर्गामाताको आगमन र प्रस्थानका सवारीले पनि धेरै कुराका संकेत गर्ने गर्छ। धार्मिक मान्यताअनुसार देवीका विभिन्न सवारीहरू शुभ-अशुभका प्रतीक मानिन्छन्। नवरात्रको प्रारम्भ र समापन जुन वारमा हुन्छ त्यसैको आधारमा सवारी निर्धारण गरिन्छ । हुनत दुर्गाको मुख्य वाहन सिंह हो तर मान्यता छ कि नवरात्रको समयमा जब माता पृथ्वीमा आउनुहुन्छ तब वहाँ अलगअलग वाहनहरुमा सवार भएर आउनुहुन्छ र जानुहुन्छ । प्रत्येक सवारीको आफ्नो एक विशेष संकेत हुन्छ। जुन  समाज, मौसम , सुख-समृद्धि र भविष्यको स्थितिको बारेमा ईशारा गर्दछ। यसैले भक्तजनहरु माताको सवारीलाई खास ध्यानले हेर्ने गर्छ्न ।

यस वर्षको चैते नवरात्रिमा माता दुर्गा 'डोलि" ( पालकी ) मा सवार भएर आएकी छिन र हाथीमा सवार भएर जादैछिन ।शास्त्रहरु र देवी पुराणका अनुसार माता  "डोलि" मा आउनु शुभ मानिदैन । यसलाई एउटा संकेतको रुपमा हेर्ने गरिन्छ। जुन आउने समयमा आर्थिक अस्थिरता , प्राकृतिक समस्या र स्वास्थ्य सँग जुटेका चुनौतीहरुको तर्फ इंगित गर्दछ। तथापि धार्मिक र अध्यात्मिक दृष्टिले यो पनि मानिने गरिन्छ कि  यदि नवरात्रीका समयमा श्रद्धा , पूजा-पाठ, दान र भक्त्ती सहि तरिकाले गरेमा नकारात्मक प्रभाव कम हुन सक्छन् र जीवनमा सकारात्मकता बनिरहन्छ। यसपटक माता हात्तीमा प्रस्थान गर्दैछिन। यो भनेको शुभ  संकेत हो। हिन्दु मान्यतामा हाथीलाई समृद्धि ,शक्ति ,ताकत , र खुशहालिको प्रतीक मानिएको छ। मान्यताका अनुसार यसको मतलब हुन्छ कि देशमा राम्रो वर्षा हुन्छ। खेती राम्रो हुन्छ। र आर्थिक स्थिति पनि मजबुत रहने संभावना रहन्छ। धार्मिक मान्यताअनुसार देवीका विभिन्न सवारीहरू शुभ-अशुभका प्रतीक मानिन्छन्।

आजको आधुनिक युगमा, जब मानिस भौतिक उपलब्धिको पछि दौडिरहेको छ, यस्ता पर्वहरूले आत्मचिन्तन र आत्मशुद्धिको महत्त्व सम्झाउँछन्। चैते दसैँले हामीलाई हाम्रो संस्कार, परम्परा र पहिचानसँग पुनः जोड्ने अवसर प्रदान गर्छ।

अन्ततः, चैते दसैँ र नवरात्रिको मूल सन्देश यही हो- असत्यमाथि सत्यको विजय, अधर्ममाथि धर्मको विजय र अन्धकारमाथि प्रकाशको विजय। यसैले, यो पर्वलाई केवल कर्मकाण्डमा सीमित नराखी जीवनमा सत्य, नैतिकता र सदाचारको अभ्यास गर्ने प्रेरणाका रूपमा लिनु आवश्यक छ।

यस पावन अवसरमा, उपवास बसौं, पूजा-अर्चना गरौं, तर सँगै मानवता, सद्भाव र नैतिकताको पनि आराधना गरौं। हाम्रा पुर्खाले देखाएको धर्म-संस्कृतिको मार्गलाई अनुसरण गर्दै, आफ्नो मौलिक पहिचान र परम्परालाई जोगाउँदै अघि बढौं।

चैते दसैँ केवल एउटा चाड होइन, यो हाम्रो आत्मा, हाम्रो आस्था र हाम्रो अस्तित्वको उज्यालो उत्सव हो। "चैते दशै"को सबैमा हार्दिक मंगलमय शुभकामना

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। नव प्रधानमंत्री ।।

नव बिहानक उजास सन,
आइल अछि नव नेतृत्वक प्रकाश।
जन-जनक आशा संग लए,
बनाबै देशक नव इतिहास।
माटिक गंध सँ जुड़ल मन,
जनताक पीड़ा बुझय जे।
सपना सभक साकार करय,
साँच मार्ग पर बढ़य जे।
न्याय, विकास आ शांति लेल,
उठल अछि नव एक आवाज।
हाथ पकडा़ सबके संग लए,
आगू बढ़ाबय देशक लाज।
हे नव प्रधानमंत्री,
आशाक दीप जराउ सदिखन।
जनताक विश्वास बनल रहू,
देश फुलाउ अहाँक करन।



लेखक राजु ठाकुर हजाम

## ।। नयाँ सुरुवात ।।

केही सुरु हुँदैछ आजबाट,
सानो कदम, ठूलो विश्वास।
मनमा राख आशाको बत्ती,
अँध्यारो पनि हुन्छ नाश।
ढिलो भए पनि नडराऊ,
बाटो आफैं खुल्दै जान्छ।
हिम्मत राख, अघि बढिरह,
सपना तिमीलाई पर्खिँदै बस्छ।
आज रोपेको सानो प्रयास,
भोलि बन्छ ठूलो कहानी।
सुरु गर, समय यही हो,
तिमीमै छ सफलताको कहानी ।।



लेखक रोहन भुजेल
जनकपुर -४

## ।। पुराना दलके राम राम ।।

३ जित भेलैय आब जित दिय
नेता जि आब कनि पिट दिय
दल छेली पुराना यहाँ
आब दलमे कनि घसिट दिय ३
क्या घरसे सबके दुर कैली ?
क्या भुखसे सबके चुर कैली ?
हम भेली तब परदेशी जब
यहाँके पार्टीमे भोट देलि
ओइ भोटसे आब कुछ सिख लिय
चुपचाप कोना दबैक लिय
३ दल छेली पुराना यहाँ
आब दलमे अपने घसिट लिय
जित भेलैय आब कनि ---३
मेहनत ओकर खास छेलैय
जेकर जितप सबके आस छेलैय
आब लागे कि रामराज एलैय
जेना देशमे सबके सास एलैय
जेना मरल मुर्दा उखाइर क
यहाँ भगै छि सब झाइर क
कनि आगि आब लगाब दिय
सोछ अगाडि बढाब दिय
३ दल छेली पुराना यहाँ
आब दलमे अपने घसिट लिय
जित भेलैय कनि जित दिय
नेता जि आब कनि पिट दिय ३
कोन गलती कैली ओइ देशमे
किया जवानी बितैय बिदेशमे
सब ताना देइय जोरसे
कुछ शब्द नैय आवे ठोरसे
करबैय जागिर नेपालमे
उ भुत छुटल भूतकालमे
तोरे सन एगो नेता रहल
जे भेज देलक जापानमे
आब आइब गेलि त कमाइ दिय
खून पसिना बहाब दिय
बाकी हइ जुनुन बहुत,बस
उहे कनि समहार दिय
३ दल छेली पुराना यहाँ
आब दलमे कनि घसिट दिय
जित भेलैय आब जित दिय
नेता जि आब कनि पिट दिय ३



लेखक सिनेही साह

## ।। बधाई छ ।।

बधाई छ त्यो विश्वास सहितको दृढता लाई
बधाई छ त्यो कुण्ठित मनको ज्वलन्त आवाजलाई
बधाई छ त्यो जन लहर को अविश्वसनीय मतलाई
आशामय भविष्य को तृप्त आत्मसम्मान लाई बधाई छ।
चिन्तित मन को एकमात्र उपायलाई
अनेकौं अनुत्तरित प्रश्न को एक मात्र जवाफलाई बधाई छ।
नयाँ संसार भन्दा पनि हराएको शान्ति,
खुशी, विश्वास, मान मर्यादा, प्रतिष्ठा र गौरवको लागि बधाई छ।
विभेदरहित आत्मीयताको अकल्पनीय आत्मनुभूती लाई बधाई छ।
त्यो रगत को नमेटिने सपना र त्यो जूता को यात्रा लाई बधाई छ।
आजाद संसारको असल लोकतन्त्र लाई बधाई छ।



मो. आजाद

## ।। नेपाली सेना पीडा ।।

सीमामा उभिएको सैनिक,
मनभित्र घरको तस्बिर हुन्छ।
आँखामा आँसु नदेखिए पनि,
हृदयभित्र धेरै पीडा हुन्छ।
चिसो हावा, अँध्यारो रात,
उसको साथी केवल बन्दुक हुन्छ।
परिवार टाढा, देश नजिक,
कर्तव्य नै उसको सुख हुन्छ।
चाडपर्व आयो, घर सम्झिन्छ,
आमाको मायाँ मनभित्र बस्छ।
तर देशको सुरक्षाका लागि,
आफ्नो इच्छा सधैँ दब्छ।
गोलीको आवाज, डरको छाया,
तैपनि पाइला पछि हट्दैन।
आफ्नो जीवन देशलाई दिएर,
सैनिक कहिल्यै थाक्दैन।



सुचन तामाङ
गाइघाट-४

## ।। सरकार ।।

- सुदेश नेचाली राई
रामधुरा , कालेबुङ

ए सरकार !
तिमीले बस भन्यौ
हामी बस्नै पर्ने ?
तिमीले उठ् भन्यौ
हामी उठ्नै पर्ने ?
तिमीले खाउँ भन्यौ
हामीले खानै पर्ने ?
तिमीले हिँड्न भन्यौ
हामीले हिँड्न नै पर्ने ?
तिमीले रुनु भन्यौ
हामीले रुनु नै पर्ने ?
तिमीले यसरी गीत गाउनु भन्यौ
हामीले त्यसरी नै गीत गाउनु पर्ने ?
तिमीले यसरी नाच्नु भन्यौ
हामीले त्यसरी नै नाच्नु पर्ने ?
के हामीले आफ्नै सुर-ताल-लयमा भाका-लबजमा राग-तानमा गीत गाउनु पाउँदैनौँ ?
के हामीले आफ्नै शैलीमा मुद्रा-पारामा हाउभाउ- भावभङ्गीमा नाच्नु पाउँदनौँ ?
त्यो कटहरे घुम्तीमा
कटहरको रुखमा बसेर प्रेमिल गीत गाउने
हलेसोको जोडीलाई किन शङ्काको नजरले हेर्छ सरकार ?
हलेसोको जोडी त्यसै ठाउँमा बसेर किन गीत गाउनु पर्यो ?
अन्य जग्गा पनि जान सक्थ्यो ?
सोच्छ सरकार !
भलायो डाँडामा सुसेल्ने सोझो गाउँलेलाई शङ्का गर्छ सरकार !
देउरालीमा चढाएको भेटी पाती
संसारीमाईलाई भाकेर उडाएको परेवा माथि
पनि शङ्का गर्छ सरकार !
माङपाले फलाक्ने मुन्दुममा
शङ्का गर्छ सरकार !
किन फलाक्यो मुन्दुम ?
सोच्छ सरकार।
हाम्रो प्रत्येक गतिविधि नियालि रहन्छ सरकार
डरछेरुवा छ सरकार
हामीसँग औधी डराउँछ सरकार !
किनकि
हामी हौ आममानिस
हामी आमजनता
हामी जनता जनार्दन।



बिजुवा भ्रात्री

# कांग्रेसका तीन जनालाई कारबाही सिफारिस

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस धनुषा क्षेत्र नम्बर ४ को क्षेत्रीय कार्यसमितिको विस्तारित बैठकले पार्टी हितविपरीत गतिविधि गरेको आरोपमा तीन जना नेतामाथि कारबाही सिफारिस गरेको छ।

क्षेत्रीय सभापति कुमरकान्त झाको अध्यक्षतामा सम्पन्न बैठकले मिथिला नगरपालिकाका नगर प्रमुख तथा क्षेत्रीय प्रतिनिधि महेन्द्र महतोसहित अन्य नेताहरूलाई साधारण सदस्यसमेत नरहने गरी ६ वर्षका लागि पार्टीबाट निष्कासन गर्न सिफारिस गर्ने निर्णय गरेको हो। बैठकमा प्रस्तुत विवरणअनुसार महतोले नेपाली कांग्रेसको सदस्य हुँदाहुँदै राष्ट्रिय स्वतन्त्र पार्टीको सदस्यता लिएको तथा प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टीको आधिकारिक उम्मेदवारलाई सहयोग नगरी पार्टी हितविपरीत काम गरेको आरोप लगाइएको छ।

साथै उक्त निर्वाचनमा चुनाव चिन्ह 'घण्टी'मा मतदान गर्न लगाएको पाइएकाले कारबाही सिफारिस गरिएको जनाइएको छ। बैठकले महतोले नगर प्रमुख पदसमेत त्याग गरी निर्वाचन आयोगमा जानकारी गराउनुपर्ने सिफारिस पनि गरेको छ।

# 'भिआइपी मुभमेन्ट'का नाममा नागरिकले दुःख पाउनु भएनः गृहमन्त्री गुरुङ



काठमाण्डु । नवनियुक्त गृहमन्त्री सुधन गुरुङले 'भिआइपी मुभमेन्ट'का नाममा नागरिकले दुःख पाउने अवस्था अन्त्य गर्न आग्रह गर्नुभएको छ। गृह मन्त्रालयमा आज पदभार ग्रहण गरेपछि कर्मचारीलाई निर्देशन दिने क्रममा उहाँले परिवर्तनको सुरुआत आफैँबाट गर्नुपर्नेमा जोड दिनुभयो।

जेनजी आन्दोलनको अगुवाइ गर्नुभएका मन्त्री गुरुङले आन्दोलनलगत्तै मन्त्रीहरूको सेवासुविधा खारेजी र सवारीका क्रममा नागरिकलाई सास्ती दिने प्रवृत्ति अन्त्य गर्नुपर्ने बताउनुभएको थियो। सांसदको सुविधा जनतालाई नै समर्पण गर्ने घोषणा गर्नुभएका मन्त्री गुरुङ आफैँ निजी कार चलाएर मन्त्रालयबाट बाहिरिनुभएको थियो।"नागरिक तहमा 'भिआइपी मुभमेन्ट'ले गाह्रो पार्दै आएको छ, यस क्रममा नागरिकले दुःख पाउनु भएन, यस्तो कार्य नगर्न सबै मन्त्रीहरूलाई आग्रह गर्दछु", मन्त्री गुरुङले भन्नुभयो।

**एकद्वार प्रणालीमार्फत सेवा प्रवाह**

मन्त्रालयमा पदबहालीपश्चात् जेनजी सहिद परिवार र घाइतेलाई साक्षी राखेर गृहमन्त्री गुरुङले मन्त्रालय तथा मातहतको निकायबाट हुने सेवा प्रवाहलाई एकद्वार प्रणालीमार्फत प्रदान लैजाने निर्णय गर्नुभयो।

मन्त्री गुरुङले जेनजी आन्दोलनका सहिद परिवार र घाइतेलाई राज्यका तर्फबाट सुविधा दिनका लागि विभिन्न मन्त्रालयका प्रतिनिधि रहेको कार्यदल गठन गरिने बताउनुभयो। रासस

# कानुन सुधारको जिम्मा अब सोविता गौतमको काँधमा



काठमाण्डु । नवनियुक्त कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतम चितवन क्षेत्र नं ३ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य समकालीन नेपाली राजनीतिमा उदाउँदो युवा नेतृत्वका रूपमा चिनिनुहुन्छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट प्रतिनिधित्व गर्नुहुने गौतम युवाको आवाजलाई नीतिगत तहसम्म पुऱ्याउने स्पष्ट सोचका साथ राजनीतिमा सक्रिय हुनुहुन्छ।

विसं २०५२ असार ३ गते दोलखामा जन्मिनुभएकी गौतम हाल चितवनको भरतपुर महानगरपालिकालाई स्थायी बसोबास बनाउँदै आउनुभएको छ। सामान्य पारिवारिक परिवेशमा हुर्किनुभएकी उहाँका बुबा कृष्णप्रसाद गौतम आमा र एक भाई हुनुहुन्छ।

शिक्षातर्फ रुचि राख्ने गौतमले माध्यमिक तहको अध्ययन भक्तपुरको एक विद्यालयबाट सम्पन्न गर्नुभएको थियो। त्यसपछि उहाँले कानुन विषयमा स्नातक पूरा गर्नुभएको छ भने हाल काठमाडौँ स्कुल अफ ल मा एलएलएम अध्ययनरत हुनुहुन्छ।

राजनीतिमा प्रवेशअघि नै कानुन, मानव अधिकार तथा सार्वजनिक सरोकारका विषयमा सक्रिय रहनुभएकी गौतमले विभिन्न युवा अभियान र नीतिगत बहसमा आफ्नो उपस्थिति जनाउँदै आउनुभएको थियो। कानुनी समस्या र अधिकार उल्लङ्घनका विषयलाई कानुनी प्रक्रियामार्फत समाधानतर्फ लैजाने अनुभव उहाँसँग रहेको छ।

त्यस्तै, राष्ट्रिय तहमा नीतिगत बहस, जनसरोकार र सुधार एजेन्डालाई संसद्मै उठाउने अनुभव उहाँमा छ। कानुन, न्याय तथा मानव अधिकार समितिमा पूर्वसदस्यका रूपमा उहाँले विधेयक, मानव अधिकार र न्यायका क्षेत्रमा प्रत्यक्ष अनुभव हासिल गर्नुभएको छ। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्मा कानुनी परामर्श अनुभवका साथै नेपालका युवा संस्थाको सञ्जालमार्फत अभियान सञ्चालन, सरकारसँग पैरवी र नीति दबाबमा सक्षम नेतृत्व उहाँले देखाउनुभएको छ।

उहाँले अन्तरराष्ट्रिय तहमा आफ्नो पहिचान बनाउँदै संयुक्त राष्ट्रसङ्घसँग आबद्ध कार्यक्रम तथा अन्तरसंसदीय सङ्घको स्वास्थ्य समितिमा सदस्यका रूपमा योगदान दिनुभएको छ। सार्वजनिक स्वास्थ्यका सम्बन्धमा संवादमार्फत जनचेतना फैलाउने कार्यमा उहाँको सक्रियता उल्लेखनीय छ।

युवाको सहभागिता, सुशासन, पारदर्शिता र नीतिगत सुधारका पक्षमा स्पष्ट धारणा राख्नुहुने गौतमले राजनीतिलाई सेवा र परिणाममुखी कार्यसँग जोड्नुपर्नेमा जोड दिनुहुन्छ। निर्वाचनका क्रममा उहाँले विकास, सुशासन र युवालाई अवसर सिर्जनाका एजेन्डा अघि सार्नुभएको थियो।

राजनीतिमा प्रवेश गर्नुअघि उहाँ सञ्चार क्षेत्रमा पनि परिचित हुनुहुन्थ्यो। विशेषगरी स्वास्थ्य कार्यक्रमको प्रस्तोताका रूपमा उहाँले तथ्यमा आधारित बहस, गलत सूचनाविरुद्ध अभियान तथा जनचेतनामूलक कार्यक्रममार्फत उहाँले समाजमा सकारात्मक प्रभाव पार्नुभएको थियो।

सन् २०२३ मा 'वन यङ वर्ल्ड-पोलिटिसियन अफ द इयर अवार्डबाट सम्मानित गौतम युवापुस्ताको प्रतिनिधि स्वरका रूपमा स्थापित हुनुभएको छ।

रास्वपाकी संस्थापक केन्द्रीय सदस्यसमेत रहनुभएकी गौतमले नीतिगत सुधार, पारदर्शिता र नागरिक-केन्द्रित शासन प्रणालीलाई प्राथमिकता दिने नयाँ पुस्ताको राजनीतिक नेतृत्वको प्रतिनिधित्व गर्नुहुन्छ।

नीतिगत स्पष्टता, अध्ययनशीलता र सक्रियताका कारण उहाँलाई नेपाली राजनीतिमा सम्भावनायुक्त युवा नेताका रूपमा हेरिएको छ। समृद्ध नेपाल निर्माणमा युवाको भूमिका विस्तार गर्ने लक्ष्यसहित उहाँ संसद्मा सक्रिय रहनुभएको छ। रासस

# नवनियुक्त सञ्चारमन्त्री तिमिल्सिनाद्वारा पदभार ग्रहण



काठमाण्डु । नवनियुक्त सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले पदभार ग्रहण गर्नुभएको छ।

सिंहदरबारस्थित सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा आज उहाँले पदबहाली गर्नुभएको हो। मन्त्रालयमा पदभार ग्रहणपछि कर्मचारी र मातहतका निकायका प्रमुख तथा प्रतिनिधिलाई सम्बोधन गर्दै मन्त्री डा तिमिल्सिनाले पद प्राप्तिभन्दा जिम्मेवारी पूरा गर्नु नै आफ्नो प्राथमिकता भएको बताउनुभयो।

उहाँले देशले निकास खोजिरहेको उल्लेख गर्दै राजनीति र प्रशासनप्रति घट्दो विश्वास पुनःस्थापित गर्न सबैलाई आह्वानसमेत गर्नुभयो।

"हामीले जिम्मेवारी लिएका छौँ, हाम्रो सबैभन्दा ठूलो धर्म राजनीति र प्रशासनप्रति घट्दो विश्वास पुनःस्थापित गर्नु हो", डा तिमिल्सिनाले भन्नुभयो, "राजनीति नै गलत हो भन्ने सन्देश प्रवाह भइरहेको अवस्थालाई सुधार्दै देशमा आशा जगाउनुपर्छ।"

डा. तिमिल्सिनाले प्रधानमन्त्री वालेन्द्र शाहको 'मिसन' र 'भिजन'अनुसार मन्त्रालयले पूर्ण सहयोग गर्ने उल्लेख गर्नुभयो। कर्मचारीलाई पनि इमानदारिता र क्षमता प्रयोग गर्दै सामूहिक भावनाका साथ काम गर्न उहाँले आग्रहसमेत गर्नुभयो। "तपाईंका हरेक विचारहरू यो देशका नीतिनियम, ऐनसँग बाझिने पनि हुनुहुँदैन। यो देशका जनताको सपनासँग बाझिने पनि हुनुहुँदैन। कृपया यो कुरा मनमा राखेर आफ्ना काम कर्तव्यलाई अगाडि बढाउनु होला", मन्त्री तिमिल्सनाले भन्नुभयो।

उहाँले आजैका दिनदेखि आफ्नो कर्तव्यमा होमिएका र देशलाई अगाडि बढाउनका लागि समर्पित भएर लाग्ने धारणा राख्नुभयो।

मन्त्रालयका सचिव लक्ष्मीकुमारी बस्नेतले मन्त्रालयका प्रमुख कार्य र मुख्य नीति तथा योजना र कानुनबारे मन्त्रीलाई 'ब्रिफिङ' गर्नुभयो। "बजेट सिलिङ प्राप्त भइसकेको छ। बजेट तर्जुमा, प्राथमिकता निर्धारणलगायत काम मन्त्रीको निर्देशनमा गर्नेछौँ", उहाँले भन्नुभयो।

नवनियुक्त मन्त्रीलाई मन्त्रालयका कर्मचारी र मातहतका पदाधिकारीहरूले स्वागत एवं कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो।

**अनुसन्धान विशेषज्ञ एवं विश्लेषक सञ्चारमन्त्री**

नवनियुक्त सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमल्सिना राष्ट्रिय स्वतन्त्र पार्टीका तर्फबाट प्रतिनिधिसभा सदस्यमा नुवाकोट क्षेत्र नं १ बाट निर्वाचन सांसद हुनुहुन्छ।

रास्वपाका केन्द्रीय परराष्ट्र विभागका उपप्रमुख डा तिमल्सिनाले अष्ट्रेलियाको ग्रिफिथ विश्वविद्यालयबाट राजनीतिक र अन्तरराष्ट्रिय मामिलामा विद्यावारिधि उपाधि प्राप्त गर्नुभएको छ। सांसद हुनुअघि उहाँ त्रिभुवन विश्वविद्यालयको आन्तरिक सुरक्षा, राजनीति र कूटनीतिमा अध्यापन गर्नुहुन्थ्यो।

डा. तिमल्सिना अनुसन्धान विशेषज्ञ एवं विश्लेषक हुनुहुन्छ। नेपालको शान्ति प्रक्रिया, परराष्ट्र नीति र भू-राजनीतिक जटिलताको सूक्ष्म अध्ययन एवं अन्तरराष्ट्रिय मञ्चमा अनुसन्धानमूलक प्रस्तुतिमार्फत देशको नीतिगत बहसलाई डोऱ्याउने कार्यमा पनि संलग्न हुनुहुन्थ्यो।

साहित्य, लेखन र पत्रकारिता क्षेत्रमा पनि आबद्ध डा तिमल्सिना 'भ्रष्टाचारविरुद्धको लडाईं : एन्टी करप्सन स्टडिज' का विज्ञ मानिनुहुन्छ। उहाँ 'एसियन इस्टिच्युट फर एड्भान्स रिसर्च' का संस्थापक पनि हुनुहुन्छ। रासस

# प्रादेशिक स्वास्थ्य संस्थाको अनुगमन, काम नगर्नेलाई कारबाही गर्न निर्देशन



भक्तपुर । बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले प्रदेशभित्रका प्रादेशिक अस्पताल, जिल्ला जनस्वास्थ्य कार्यालयदेखि जिल्ला आयुर्वेदिक अस्पतालको छड्के अनुगमन एवं निरीक्षण सुरु गरेको छ।

स्वास्थ्यमन्त्री किरण थापामगरको नेतृत्वमा स्वास्थ्य सचिव डा सुमित्रा गौतम, पूर्वस्वास्थ्यमन्त्रीरामेश्वरश्रेष्ठ,प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा नरेन्द्रकुमार झालगायतको टोलीले बिहीबारबाट छड्के अनुगमन एवं निरीक्षण सुरु गरेको हो।

यसैक्रममा ललितपुरमाप्रादेशिक अस्पतालको रूपमा सञ्चालित बज्रबाराही चापागाउँ अस्पतालको सेवा सञ्चालन र प्रदेश मन्त्रालयको करिब रु १४ करोडको बजेटमा निर्माण भइरहेको अस्पताल भवनको निरीक्षण गरियो।

मन्त्री थापामगरले नवनिर्मित भवनमा केही संरचना अपुग र अव्यवस्थित भएको भन्दै निर्माण सम्पन्न हुनु अगावै त्यस्ता संरचनालाई सच्याउन निर्देशन दिनुभयो। उहाँले ललितपुरको दुर्गम क्षेत्रका बासिन्दालाई गुणस्तरीय सेवा प्रदान गर्न कुनै कसर बाँकी नराख्न अस्पतालका मेडिकल सुपरिटेन्डेण्ट डा लक्ष्मण खड्कासहितको टोलीलाई निर्देशन दिनुभयो।

मन्त्री थापामगरले भन्नुभयो,"बज्रबाराही अस्पताल २५ शय्याको स्वीकृत भए पनि सबै शय्या सञ्चालन हुन सकेका छैनन्। यस अस्पताललाई छिट्टै ५० शय्यामा विस्तार गर्दैछौँ, यही अस्पतालमा शल्यक्रिया सेवा सञ्चालन गर्न एनेस्थिेसिया डाक्टरसमेत पठाउँदा पनि सेवा सुरु हुनसकेको छैन, त्यसैले तत्काल सेवा सुधार्नुस्।"

निरीक्षणमा सहभागी मन्त्रालयकी सचिव डा सुमित्रा गौतमले अस्पतालमा शल्यक्रिया, प्रयोगशालालगायत विभिन्न सेवाबारे मन्त्रालयमा गुनासा आएकाले त्यसमा सुधार गर्न निर्देशन दिनुभयो।

अस्पतालका मेडिकल सुपरिटण्डन्ट डा खड्काले अस्पतालमा एक सय कर्मचारी रहेका र दैनिक दुई सय बिरामीले सेवा लिने गरेको जानकारी गराउनुभयो।

टोलीले जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरको अनुगमन गर्दै मन्त्री थापामगरले जनस्वास्थ्य प्रमुख डा खगेश्वर गेलाललाई जिल्लाका दुर्गम गाउँपालिका र दुर्गम क्षेत्रका बासिन्दालाई लक्षित गरी स्वास्थ्य शिविर सञ्चालन गरी सेवा प्रवाह गर्न निर्देशन दिनुभयो। मन्त्री थापामगरले प्रदेशअन्तर्गत रहेका १३ वटै जिल्लाका प्रादेशिक अस्पताल, आयुर्वेदिक अस्पताल र जिल्ला जनस्वास्थ्य कार्यालयको अवलोकन, निरीक्षण अभियान सुरु गरिएको जानकारी दिनुभयो। प्रत्येक जिल्लाको गाउँ गाउँमा स्वास्थ्यको सहज पहुँच पुर्याउन सरकार लागिरहेको र आफ्नो जिम्मेवारी बहन गर्न सबैलाई आवश्यक आग्रह र निर्देशन दिन अनुगमनलाई निरन्तरता दिइने बताउनुभयो। रासस

# किसानले मल नपाउनु भनेको विडम्बना होः मन्त्री चौधरी

काठमाण्डु । नवनियुक्त कृषि तथा पशुपन्छीमन्त्री गीता चौधरीले निरन्तर गतिशील भएर काम गर्न राष्ट्रसेवक कर्मचारीलाई निर्देशन दिनुभएको छ।

सिंहदरबारस्थित मन्त्रालयमा पदबहाली आयोजित कार्यक्रममा मन्त्री चौधरीले विशेष परिस्थितिमा भएको चुनावपछि गठन भएको नयाँ सरकारले सबै खाले समस्या समाधान गरी देश बनाउन चाहेकाले त्यस अभियानमा सहयोग गर्न आग्रह




गर्नुभयो।

मन्त्री चौधरीले भन्नुभयो, "यस पटकको सरकार विगतका भन्दा फरक छ, जनताले पाँच वर्ष सरकार चलाउन बहुमत दिएर पढाउनुभएको छ। सरकारले समस्याको पहिचान गरी तत्कालीन र दीर्घकालीन कार्यक्रम बनाएर प्राथमिकता निर्धारण गर्छ, त्यसका आधारमा मिलेर काम गर्नुपर्छ।"

कृषि क्षेत्रका सबैभन्दा ठूलो समस्या रासायनिक मलको रहेको जनाउँदै मन्त्री चौधरीले कृषिप्रधान देशमा किसानले मल नै पाउँदैनन् भने त्योभन्दा ठूलो विडम्बना केही हुँदैन भन्नुभयो।

यसअघि मन्त्रालयका सचिवद्वय डा दीपककुमार खराल र डा राजेन्द्रप्रसाद मिश्रले बजेट, रासायनिक मल, दूधको मूल्य र कृषि तथा पशुपन्छी बिमा भुक्तानी, अनुदान व्यवस्थापन, बाँझो भूमि, समन्वय समस्या, सिँचाइ, कृषि कर्जा, लगानीलगायतका विषयमा जानकारी गराउनुभयो। उहाँहरूले मुख्य खाद्यन्न बालीका अतिरिक्त उखु, केरा, चिया, कफिलगायत तरकारी विशेषका लागि थप रासायनिक मल प्राप्तिमा समस्या देखिएको बताउनुभयो।

देशमा वार्षिक रूपमा सात लाखदेखि आठ लाख मेट्रिकटन मल आवश्यक पर्नेमा त्यसका लागि रु ५० अर्ब बजेट आवश्यक रहेको मन्त्रालयले जनाएको छ। रासस

# नवनियुक्त प्रधानमन्त्री शाहको पुख्र्यौली गाउँमा उत्सव

जलेश्वर । नवनियुक्त प्रधानमन्त्री वालेन्द्र शाह (बालेन) को पुख्र्यौली गाउँमा आज उत्सव मनाइएको छ। महोत्तरीको एकडारा गाउँपालिका-१ स्थित पुख्र्यौली गाउँ एकडारामा गाउँवासीले उत्सव मनाइएको हो।

एकडारा गाउँपालिकाका अध्यक्ष दीपनारायण मण्डलले शाह देशकै प्रमुख कार्यकारी पद (प्रधानमन्त्री) मा नियुक्त हुँदा जिल्लामै खुसीयाली मनाइएको बताउनुभयो। "एकडारा-१ मात्र होइन् जिल्लावासीले नै खुसियाली साटासाट गर्दै उत्सव मनाइरहेका छन्", उहाँले भन्नुभयो।

राष्ट्रपति रामचन्द्र पौडेलले शाहलाई आज प्रधानमन्त्रीमा नियुक्त गर्नुभएसँगै एकडारावासी एकापसमा रङ, अबिर दलेर, फूलमाला लगाएर, एकापसमा अँगालो मारेर र शुभकामना तथा बधाई आदानप्रदान गरिरहेका एकडारा-१ का वडाध्यक्ष मनोज मण्डलले बताउनुभयो।

वडाध्यक्ष मण्डलका अनुसार एकडाराको नाम इतिहासमा दर्ज भएको भन्दै पुख्र्यौली गाउँमा उत्सव मनाइएको छ। "आज एकडारावासी घरघरमा मीठो पकवान पकाएर खाने, खुवाउने गर्दैछन्, एकडारा गाउँभरि र बटुवालाई विभिन्न लड्डु, पेडा तथा मिठाइ बाँड्ने काम भइरहेको छ", उहाँले भन्नुभयो।

प्रधानमन्त्री शाहको घर एकडारा-१ मा पर्छ। उक्त घरमा हाल एकडारा गाउँपालिकाको कार्यालय सञ्चालनमा छ। आज साँझ एकडाराको घरघरमा दीपावली मनाउने कार्यक्रम रहेको गाउँपालिकाका अध्यक्ष मण्डलले बताउनुभयो। रासस

# वादी समुदायका पहिलो महिला मन्त्री सीता वादी

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद सीता वादी महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नियुक्त हुनुभएको छ। वादी समुदायबाट मन्त्री बनेको उहाँ पहिलो हो।

महिला सशक्तिकरणमा सामाजिक संस्थामार्फत सेवा गर्दै आउनुभएकी नवनियुक्त वादीले हालै रासससँगको कुराकानीम उहाँले वादी समुदायका महिलाको स्थिति झनै नाजुक रहेको बताउनुभयो। संस्थामार्फत सिलाइकटाइ प्रशिक्षण दिएर महिलालाई आर्थिक स्वावलम्बी बनाउने काम गर्दै आएको उहाँले जानकारी दिनुभयो।

कर्णाली प्रदेशको सुर्खेतस्थित वीरेन्द्रनगर नगरपालिका-१४ स्थायी घर भई हाल काठमाडौँको बूढानीलकण्ठ-८ मा बसोबास गर्दै आएकी वादीले राजनीतिक यात्रामा रास्वपाबाट सुरु गर्नुभएको हो। "महिलाहरूको स्थिति नाजुक छ, त्यसमा पनि दलित र वादी समुदायको त झनै पीडादायी छ," उहाँले भन्नुभयो, "स्थिति सुधार गर्ने खालको परिणाममुखी काम गर्छु।"



सीताका अनुसार राजनीतिको यात्रा सजिलो छैन। तर, यो अवसरलाई उहाँले भरपुर सकारात्मक कार्यमा लगानी गर्ने बताउनुभयो। समाजमा विद्यमान असमानता, विभेद र अपमानको जालो हटाएर समानतापूर्ण समाज निर्माण गर्नुपर्ने उहाँको धारणा छ। आधा आकाश ढाक्ने महिलाको परिस्थितिलाई अझै बलियो बनाउने र सीमान्तकृत समुदायका महिलाको विकासमा जोड दिने उहाँको योजना छ।

वादी समुदाय, दलितभित्र पनि अत्यन्तै सीमान्तकृत, जहाँ गरिबी मात्रै होइन, नियति जस्तो बनाइयो, जहाँ अपमान सामान्य व्यवहारजस्तै स्वीकार गर्न बाध्य बनाइयो।

यसअघि वादी समुदायबाट सुदूरपश्चिम प्रदेशसभा सदस्यमा नेपाली कांग्रेसबाट उमादेवी वादी निर्वाचित हुनुभएको थियो। "वादी समुदायका खान र बस्नसमेत नपाएको अवस्था छ। वादी समुदायका छोरीहरूको अवस्था अन्धकारमय छ," उहाँले भन्नुभयो। आफ्नो बाल्यकाल आर्थिक अभाव र सामाजिक अपहेलनाले भरिएको बताउँदै उहाँले पढ्नका लागि कलम-कापी नपाउँदाको पीडा सम्झनुभयो। उहाँले गरिबीकै कारण खान र बस्नसमेत चुनौती खेपेर बाल्यकाल हुर्किएको सुनाउनुभयो।

यद्यपि वादीले जीवनमा भोगेका थुप्रै सङ्घर्षले आफ्नो जीवनलाई थप बलियो र परिपक्व बनाएको बताउनुभयो। अभावका बीच पनि पढ्ने रहर उहाँले कहिल्यै मार्नुभएन र एउटा संस्थाले उहाँलाई शिक्षामा सहयोग गऱ्यो। समाजसेवा (बिएसडब्लु) अध्ययन पूरा गर्नुभएकी वादीले शिक्षा नै चेतनाको मुख्य आधार रहेको बताउनुभयो। पढ्न पाएपछि उहाँले जीवनलाई फरक ढङ्गले अगाडि बढाउन सक्ने हुनुभयो। "समाजमा आत्मसम्मानको लडाइँ निकै ठूलो हुँदोरहेछ," उहाँले भन्नुभयो, "जुन अहिलेसम्म लडिरहेछु।" रासस

# होर्मुज तनावमा नागरिकलाई इरानको चेतावनी

रासस/एएफपी । मध्यपूर्वमा युद्धसँगै कूटनीतिक प्रयास चलिरहे पनि तनाव कम हुने सङ्केत देखिएको छैन । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले स्ट्रेट अफ होर्मुजसम्बन्धी समयसीमा बढाएको केही समयमै इरानको रिभोलुसनरी गाड्र्सले क्षेत्रका सर्वसाधारणलाई अमेरिकी सैन्य उपस्थिति भएका स्थानबाट टाढा रहन कडा चेतावनी दिएको छ ।

ट्रम्पले इरानलाई स्ट्रेट अफ होर्मुज खोल्न आग्रह गर्दै ऊर्जा पूर्वाधारमाथि सम्भावित आक्रमणको चेतावनी दिँदै आएको समयसीमालाई अप्रिल ६ सम्म सार्ने निर्णय गर्नुभएको थियो । उहाँले तेहरानकै अनुरोधमा यस्तो कदम चालेको र युद्ध अन्त्यका लागि वार्ता 'राम्रोसँग अघि बढिरहेको' बताउनुभयो । फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि आक्रमण सुरु गरेयता क्षेत्रीय द्वन्द्व चर्किंदै गएको छ ।

तर इरानले भने आफ्ना सर्तमा मात्र युद्ध अन्त्य गर्ने सङ्केत दिँदै प्रतिशोधात्मक आक्रमणलाई निरन्तरता दिएको छ । यहीबीच रिभोलुसनरी गाड्र्सले 'अमेरिकी-जियोनिस्ट शक्तिहरूले मानव ढाल प्रयोग गरेको' आरोप लगाउँदै नागरिकलाई तत्काल सुरक्षित स्थानतर्फ सर्न आग्रह गरेका छन् । उनीहरूले अमेरिकी सेना तैनाथ रहेका क्षेत्रहरू, विशेषगरी होटलजस्ता स्थानहरू सम्भावित निशाना बन्न सक्ने चेतावनी दिएका छन् ।




यस चेतावनीअघि कुवेतले आफ्नो मुख्य व्यापारिक बन्दरगाहमा ड्रोन आक्रमणबाट क्षति पुगेको जनाएको थियो । इरानी गाड्र्सले स्ट्रेट अफ होर्मुज शत्रु राष्ट्रका जहाजहरूका लागि बन्द गरिएको दाबी गर्दै पार गर्न खोजेका तीनवटा कन्टेनर जहाजलाई फर्काइएको जानकारी दिएका छन् । उनीहरूले अमेरिकी पक्षले स्ट्रेट अफ होर्मुज खुला भएको दाबीलाई 'झुट' भनेका छन् ।

तेल बजार र विश्व अर्थतन्त्रमा यस तनावको प्रभाव देखिन थालेको छ । होर्मुजमार्फत ऊर्जा आपूर्ति अवरुद्ध हुने जोखिमले मूल्य अस्थिर बनेको छ । जापानले ऊर्जा सङ्कटको सम्भावना देख्दै कोइलाबाट चल्ने विद्युत् उत्पादनमा अस्थायी रूपमा प्रतिबन्ध हटाउने तयारी गरेको छ भने भियतनामले इन्धन कर अस्थायी रूपमा हटाएको छ ।

कूटनीतिक मोर्चामा भने प्रयास जारी छन् । अमेरिकी विदेशमन्त्री मार्को रुबियो जी७ देशहरूसँग छलफलका लागि फ्रान्समा हुनुहुन्छ । बेलायतकी विदेशमन्त्री यभेट कुपरले द्वन्द्वको शीघ्र समाधान र होर्मुजमा अवरोध अन्त्य गर्न आह्वान गर्दै इरानले विश्व अर्थतन्त्रलाई 'बन्धक' बनाउन नपाउने बताउनुभयो । यसबीच, अमेरिका-इरानबीच अप्रत्यक्ष वार्ताको प्रक्रिया पनि अघि बढिरहेको छ । १५ बुँदे अमेरिकी प्रस्ताव पाकिस्तानमार्फत तेहरानसम्म पुगेको र इरानले त्यसमा प्रतिक्रिया दिइसकेको जनाइएको छ । इरानले युद्ध क्षतिपूर्ति र स्ट्रेट अफ होर्मुजमा आफ्नो सार्वभौमिकताको सम्मान गर्नुपर्ने माग अघि सारेको बताइएको छ । साथै, उसले अमेरिका र इजरायलका आक्रमणहरू अन्त्य गर्नुपर्ने शर्त पनि राखेको छ ।

मानवीय पक्षले पनि चिन्ता बढाएको छ । संयुक्त राष्ट्रसङ्घका मानवअधिकार प्रमुख भोल्कर टर्कले युद्धको पहिलो दिन इरानी विद्यालयमा भएको घातक आक्रमणबारे अनुसन्धान पूरा गरी न्याय सुनिश्चित गर्न वासिङ्टनलाई आग्रह गर्नुभयो । प्रारम्भिक अमेरिकी अनुसन्धानले लक्षित त्रुटिका कारण टोमहाक क्रुज मिसाइल विद्यालयमा खसेको सङ्केत गरेको छ ।

युद्धले सांस्कृतिक सम्पदामा पनि असर पारेको छ । तेहरानका एक वरिष्ठ अधिकारीका अनुसार अमेरिका र इजरायली आक्रमणबाट देशभर कम्तिमा १२० वटा सङ्ग्रहालय तथा ऐतिहासिक स्थलहरू क्षतिग्रस्त भएका छन्, जसमा युनेस्को सूचीमा रहेको गोलेस्तान दरबार पनि समावेश छ ।

यसैबीच, इजरायलले इरानका विभिन्न क्षेत्रमा नयाँ आक्रमण तीव्र पारेको छ । तेहरान, कोम र उर्मियामा आक्रमण भएको स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । इजरायलभित्रै भने युद्धको रणनीतिमाथि प्रश्न उठ्न थालेका छन् । विपक्षी नेता यायर लापिडले सेना धेरै मोर्चामा फैलिँदा क्षति बढिरहेको बताउनुभयो ।

दक्षिणी लेबनानमा हिज्बुल्लाहसँगको लडाइँका कारण इजरायली सेनाले थप सैनिक आवश्यक रहेको जनाएको छ । लेबनानको बेरुत क्षेत्रमा पनि नयाँ हवाई आक्रमण भएको रिपोर्ट आएको छ भने हिज्बुल्लाहले उत्तरी इजरायलतर्फ रकेट प्रहार गरेको जनाएको छ ।

# पेन्टागन मध्यपूर्वमा १० हजार थप सैनिक पठाउने तयारीमा

रासस/सिन्ह्वा) : अमेरिकी रक्षा मन्त्रालय (पेन्टागन) मध्यपूर्वमा थप १० हजार भूमि सैनिक परिचालन गर्ने योजना बनाइरहेको छ । यो कदम अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पलाई कूटनीतिक विकल्पहरू बाहेक अतिरिक्त सैनिक विकल्प उपलब्ध गराउने उद्देश्यले उठाइएको हो ।

थप फौजमा पैदल सैनिकका साथै बख्तरबन्द वाहनहरू पनि समावेश हुने सम्भावना छ । यो नयाँ फौजले पहिले नै उक्त क्षेत्रमा तैनाथ पाँच हजार म्यारिन र ८२ औँ एयरबोर्न डिभिजनका हजारौं पैराट्रुपरसँग मिलेर काम गर्नेछ ।

मध्यपूर्वमा यी फौज कहाँ पठाइने भन्ने विषय अझै स्पष्ट छैन, तर उनीहरू इरान र खार्ग द्वीप नजिकको क्षेत्रमा परिचालन हुने अपेक्षा गरिएको छ । खार्ग द्वीप इरानको तेल निर्यातको महत्वपूर्ण केन्द्र मानिन्छ ।

ह्वाइट हाउसकी उप-प्रेस सचिव एना केलीले स्पष्ट पार्दै भन्नुभयो, "सैनिक परिचालनसम्बन्धी सबै घोषणा अमेरिकी रक्षा मन्त्रालयबाटै गरिनेछ । राष्ट्रपति ट्रम्पसँग सधैं सबै सैनिक विकल्पहरू उपलब्ध छन् ।"


पूर्व अमेरिकी राष्ट्रपति ट्रम्पले बिहीबार उहाँ इरानी ऊर्जा संयन्त्रमाथि योजना बनाइएका हमलाहरू १० दिनका लागि स्थगित गर्ने बताउनुभयो । उहाँले अमेरिका र इरानबीचको वार्ता 'अत्यन्तै सकारात्मक रूपमा अघि बढिरहेको' बताउनुभएको छ ।

इरानले सार्वजनिक रूपमा ह्वाइट हाउसको १५ बुँदे शान्ति योजना अस्वीकार गरेको छ । तर गोप्य वार्ता अनुसार, पाकिस्तानमा केही अमेरिकी वार्ताकारहरूसँग भेंट गर्ने तयारी भइरहेको छ ।

फेब्रुअरी २८ मा अमेरिका र इजरायलले इरानमाथि ठूलो हमला गरेका थिए, जसले विश्वव्यापी ढुवानीमा अवरोध पुर्‍यायो, तेलको मूल्य बढायो र अन्तर्राष्ट्रिय अर्थतन्त्रमा प्रभाव पारेको थियो ।

# स्ट्रेट अफ होरमुजमा इरानको नियन्त्रण, विश्व बजारमा तेल सङ्कट

रासस/एपी । इरानले स्ट्रेट अफ होरमुजमा आफ्नो नियन्त्रणलाई औपचारिक बनाउँदै 'टोल बूथ' प्रणाली लागू गरेको छ, जसले यसलाई तेल ढुवानीको महत्वपूर्ण मार्गको प्रमुख संरक्षक बनाउने सम्भावना देखिन्छ । यस प्रणालीअनुसार जहाजहरूले इरानी जलसिमामा प्रवेश गरी आफ्नो विवरण बुझाउनुपर्छ, जसमध्ये माल, मालिक, गन्तव्य र चालक दलको पूर्ण सूची समावेश हुन्छ । स्वीकृत जहाजहरूले विशेष कोड पाउँछन् र इरानी तट नजिकै सुरक्षित पारगमन गरिन्छ । केही जहाजहरूले शुल्क तिरेका छन्, जुन चीनको मुद्रा युआनमा तिर्ने गरिएको छ ।




मार्चदेखि स्ट्रेटमा यातायात अत्यधिक घटेको छ, जसले विश्वव्यापी तेलको मूल्य बढाएको छ र एशियाली देशहरूमा तेल आपूर्तिमा सङ्कट ल्याएको छ । मार्च १ देखि हालसम्म करिब १५० जहाज मात्र पार गरेका छन्, जुन सामान्य अवस्थामा एक दिनको यातायातको बराबर हो । अधिकांश पारगमन गर्ने जहाजहरू पूर्वी दिशा तर्फ गएका छन् ।

सुरक्षा कारणले केही जहाजहरूले आफ्नो रेडियो पहिचान प्रणाली बन्द गरी पारगमन गर्छन् र ओमानको खाडीमा पुनः देखिन्छन् । कम्तीमा १८ जहाज आक्रमणमा परेका छन् र सात जना चालक दलको मृत्यु भएको छ । केही जहाजहरू कूटनीतिक दबाब पछि पार भएका छन् ।

इरानी संसदले स्ट्रेट अफ होरमुजमा शुल्क र नियन्त्रणलाई कानूनी रूप दिन योजना गरिरहेको छ । यसले इरानी सम्प्रभुताको औपचारिक सङ्केत दिन्छ र राजस्व स्रोतको रूपमा पनि काम गर्न सक्छ । अन्तर्राष्ट्रिय समुद्री सङ्गठनले जहाजमाथि भएका आक्रमणको निन्दा गरेको छ र पारगमनको स्वतन्त्रता सुनिश्चित गर्न अन्तर्राष्ट्रिय समन्वयको आवश्यकता औँल्याएको छ ।

युनाइटेड अरब एमिरेट्सका एक तेल अधिकारीले यसलाई 'आर्थिक आतङ्कवाद' भनेर वर्णन गरेका छन्, किनभने यसले विश्वव्यापी ऊर्जा आपूर्ति र उपभोक्तामा प्रत्यक्ष असर पुर्‍याएको छ । यदि स्ट्रेट अफ होरमुज नियन्त्रणको लागि औपचारिक प्रणाली स्थायी बनाइयो भने, यसले अन्तर ष्ट्रिय व्यापार र तेल आपूर्तिमा दीर्घकालीन प्रभाव पार्न सक्छ ।

# युद्धको बीचमा इरानमा बिट्कोइन र डिजिटल मुद्राको प्रयोग बढ्यो

रासस/एएफपी । मध्यपूर्वको युद्ध सुरु भएदेखि इरानमा क्रिप्टोकरेन्सीको ठूलो प्रवाह भएको छ । विशेषज्ञहरूका अनुसार, यसलाई इरानको क्रान्तिकारी गाड्र्समाथि लगाइएका प्रतिबन्धहरू पार गर्न र तीव्र मुद्रास्फीतिबाट पीडित नागरिकहरूका लागि वित्तीय सुरक्षित माध्यमको रूपमा प्रयोग गरिएको छ ।

विशेषज्ञहरूले डिजिटल मुद्राहरू इरानमा कसरी प्रयोग भइरहेका विश्लेषण गरेका छन् ।

ठूलो रकमको प्रवाहअसाधारण रूपमा ठूलो प्रवाहमा, इजरायल-अमेरिका हवाई हमलाको पहिलो दिन फेब्रुअरी २८ देखि मार्च २ सम्म इरानी एक्सचेन्ज प्लेटफर्मबाट करोडौं डलर बराबरको क्रिप्टोकरेन्सी बाहिर गएको तथ्यांकहरू देखिएका छन् ।मार्च ५ सम्म, ती रकमको करिब एक तिहाइ विदेशी एक्सचेन्जमा सारिएको थियो ।

केही रकम नागरिकहरूले आफ्नो बचत सुरक्षित राख्न पठाएका भए पनि, रकमको ठूलो आकारले 'सत्ता सम्बन्धी पात्रहरूको' संलग्नता देखाएको विश्लेषकहरू बताउँछन् । यस्तो कार्यले सम्भावित थप प्रतिबन्ध वा साइबर आक्रमणको डरलाई सङ्केत गर्छ ।



जुन २०२५ मा, अघिल्लो इजरायल-इरान सङ्घर्षको उच्च बिन्दुमा, क्रिप्टोकरेन्सी प्लेटफर्मबाट ठूलो रकम चोरी भएको थियो, जसमा इजरायलसँग सम्बन्धित ह्याकरहरूको संलग्नता रहेको बताइएको थियो ।

**इरानसाग सम्बन्धित**

विश्लेषण अनुसार, यस ठूलो प्रवाहमा प्रयोग भएका धेरै डिजिटल वालेटहरू प्रत्यक्ष रूपमा क्रान्तिकारी गाड्र्ससँग जोडिएका छन् ।"इन्टरनेट बन्द हुँदा समेत केही रकम बाहिर जान्छ, जसले देखाउँछ कि केही व्यक्तिलाई एक्सचेन्जको क्रिप्टो सम्पत्ति पहुँच छ," क्रिप्टोकरेन्सी विश्लेषकहरूले बताएका छन् ।

गत वर्ष, गाड्र्ससँग सम्बन्धित वालेटमा अर्बौं डलरभन्दा बढी क्रिप्टोकरेन्सी जम्मा गरिएको थियो, जसले देशको कुल प्रवाहको आधाभन्दा बढी प्रतिनिधित्व गर्छ र यो भाग अझ बढिरहेको छ ।अन्तर्राष्ट्रिय प्रतिबन्धका कारण पारम्परिक वित्तीय प्रणालीबाट काटिएको इरानका लागि, क्रिप्टोकरेन्सी वैकल्पिक माध्यम बनेको छ । यसले राज्यलाई प्रतिबन्धित तेल बिक्री गर्न वा यमनका हूथी विद्रोही जस्ता समूहलाई गोप्य रूपमा वित्तीय सहयोग गर्न अनुमति दिन्छ ।

आर्थिक मिडियाले पनि यस वर्ष इरानले क्रिप्टोकरेन्सी प्रयोग गरी बैलिस्टिक मिसाइल, ड्रोन र अन्य उन्नत हतियार प्रणाली बिक्रीका लागि प्रस्ताव गरेको बताएको छ ।डिजिटल सम्पत्ति बैंक ट्रान्सफरसँग तुलना गर्दा छिटो र कम खर्चिलो छ र अन्तर्राष्ट्रिय नियमका खाडलका कारण ट्र्याक गर्न कठिन छ ।

क्रान्तिकारी गाड्र्स र इरानी केन्द्रीय बैंकले स्थिर डिजिटल मुद्राहरूलाई प्राथमिकता दिएका छन्, जसलाई सामान्यतया डलरसँग जोडिएको हुन्छ ।तर नागरिकहरू व्यापक रूपमा बिट्कोइनमा आकर्षित भएका छन्, जुन प्लेटफर्मबाट निकालेर व्यक्तिगत वालेटमा सुरक्षित राख्न सकिन्छ ।

वर्तमानमा बिट्कोइनको मूल्य ६८ हजार डलरभन्दा बढी छ ।

विश्लेषकहरूले युद्धअघि पनि इरानमा कडा दमन गरिएको प्रदर्शनहरूमा डिजिटल मुद्राको व्यापक प्रयोग देखिएका बताएका छन् । मुद्रास्फीतिले ५० प्रतिशत नजिक पुगिसकेको अवस्थामा, क्रिप्टोकरेन्सीले राष्ट्रिय मुद्राको पतनसँग जुदिरहेको जनतालाई 'जीवनरेखा' प्रदान गरेको छ ।

## बहराइन र यूएई होटलमा अमेरिकी सैनिकको उपस्थिति:
# इरानको कडा प्रतिक्रिया

रासस/सिन्ह्वा । इरानले बहराइन र संयुक्त अरब इमिरेट्स (यूएई) का होटल मालिकहरूलाई यदि उनीहरूले अमेरिकी सैनिकहरूलाई आफ्नो होटलमा राखे भने त्यसको नकारात्मक परिणाम हुन सक्ने चेतावनी दिएको छ । अर्ध-सरकारी फार्स न्यूज एजेन्सीले बिहीबार यो जानकारी प्रकाशित गरेको छ ।

एजेन्सीको रिपोर्ट अनुसार, अमेरिकी सैनिकहरूले हाल इरानी क्षेप्यास्त्र आक्रमण र क्षेत्रीय सहयोगी समूहहरूसँगको संयुक्त अपरेसनको परिणामस्वरूप क्षेत्रका केही होटलहरूमा शरण लिएका छन् । चेतावनी अनुसार, कुनै पनि स्थलमा विदेशी सैनिकको उपस्थिति कायम रह्यो भने त्यसको असर तुरुन्तै देखिन सक्छ ।



इरानले अमेरिकी सैनिकहरूलाई नागरिक स्थलमा शरण लिनु गलत भएको भन्दै यसले क्षेत्रीय सुरक्षामा जोखिम निम्त्याउने बताएको छ । प्रतिवेदनमा अमेरिकी सैनिकहरूले पुरानो विमानस्थल नजिकको ला'जिस्टिक्स बेस, दमास्कसको रिपब्लिक प्यालेस, फोर सिजन्स, र शेरेटन होटल जस्ता स्थलहरूमा उपस्थिती कायम गरेका छन् । यसै साता अमेरिकी मरीनहरू इस्तानबुल र सोफियाबाट जिबुटी अन्तर्राष्ट्रिय विमानस्थलमा सारिएका थिए ।

इरानका विदेशमन्त्री सय्यद अब्बास अराब्चीले गल्फ अरब देशका होटलहरूलाई अमेरिकी सैनिकहरूलाई बसाउन नदिन चेतावनी दिनुभएको छ । उहाँले सामाजिक सञ्जाल एक्समा लेख्नुभयो,"युद्धको सुरुदेखि अमेरिकी सैनिकहरूले आफ्नो बेसहरू छोडेर होटल र कार्यालयहरूमा शरण लिइरहेका छन् र स्थानीय नागरिकलाई 'मानव ढाल' को रूपमा प्रयोग गरिरहेका छन् । अराब्चीले अमेरिकी अभ्याससँग तुलना गर्दै गल्फ देशका होटलहरूले पनि त्यस्तै सुरक्षा मानक अपनाउन आग्रह गर्नुभएको छ ।

पृष्ठभूमिमा, फेब्रुअरी २८ मा इजरायल र अमेरिकाले तेहरानसहित अन्य इरानी शहरहरूमा संयुक्त हमला गर्दा तत्कालीन सर्वोच्च नेता अली खामेनी, वरिष्ठ सैन्य कमाण्डर र नागरिकहरू मारिएका थिए । इरानले त्यसपछि इजरायल र अमेरिकी बेसहरूमा क्षेप्यास्त्र र ड्रोन हमलाहरू गरेको थियो र स्ट्रेट अफ होर्मुजमा नियन्त्रण कडा बनाउँदै इजरायली तथा अमेरिकी पोतहरूको आवागमन रोकिएको थियो ।

यो कदमले इरानको सैन्य चेतावनी र क्षेत्रीय तनावलाई अझ बढाएको छ । विशेषज्ञहरूले यदि होटलहरू अमेरिकी सैनिकलाई बसाउन रोक्न असफल भए, त्यसले सम्भावित जोखिम बढाउन सक्ने चेतावनी दिएका छन् ।

# रूसको ऊर्जा क्षेत्रमा 'गैजप्रोम'को नयाँ रणनीति

रासस/सिन्ह्वा । रूसी ऊर्जा कम्पनी 'गैजप्रोम नेफ्ट'ले २०२६ मा आफ्नो हाइड्रोकार्बन उत्पादन बढाउने योजना बनाएको छ। कम्पनीका सीईओ अलेक्ज्याण्डर ड्यूकोभले बिहीबार यहाँ उद्योग तथा व्यापार सम्मेलनमा यो जानकारी दिनुभएको छ ।

ड्यूकोभले भन्नुभयो, "यस वर्ष हामी हाइड्रोकार्बन, विशेष गरी तेलको उत्पादन बढाउने योजना बनाएका छौं।" उहाँले यो कुरा रूसी उद्योगपति तथा उद्यमी संघको कांग्रेसको साइडलाइनमा व्यक्त गर्नुभएका थिए ।

कम्पनीको हाइड्रोकार्बन उत्पादन, जसमा संयुक्त उद्यमहरूमा कम्पनीको हिस्सा पनि समावेश छ, २०२४ मा ५.३ प्रतिशत वृद्धि भई १२६.९ टन तेल समतुल्यमा पुगेको थियो। तर २०२५ को तथ्यांक अहिलेसम्म सार्वजनिक भएको छैन ।

ड्यूकोभले रूसले विदेशी बजारमा मूल्य उच्च भएको कारण इन्धनको विदेशी निर्यातलाई रोक्न दुई-तीन महिनाका लागि पूर्ण पेट्रोलियम निर्यात प्रतिबन्ध लगाउनुपर्ने सुझाव पनि दिनुभएको छ । हाल रूसमा केवल गैर-निर्माताहरूका लागि जुलाईसम्म पेट्रोलियम निर्यातमा प्रतिबन्ध छ, तर ठूला तेल कम्पनीहरूलाई निर्यात गर्न अनुमति दिइएको छ ।

# इरानमाथि हवाई हमलाबारे शुक्रबार बैठक हुने: रुसी सरकारी मिडिया

रासस/एएफपी । संयुक्त राष्ट्र सुरक्षा परिषद्ले रुसी अनुरोधमा शुक्रबार बन्द बैठक गर्नेछ, जसमा इरानमाथि भएका हवाई हमलाहरूको विषयमा छलफल हुने भएको रुसी सरकारी मिडियाले जनाएको छ । मध्यपूर्व युद्ध दोस्रो महिनातर्फ बढ्दै गर्दा यो बैठक आयोजना हुन लागेको हो ।



फेब्रुअरी २८ मा अमेरिका र इजरायलले गरेको हवाई हमलापछि इरान प्रायः दैनिक रूपमा बमबारीको शिकार हुँदै आएको छ । यसका कारण नागरिक पूर्वाधार, विद्यालय, अस्पताल र अन्य सार्वजनिक स्थलहरूमा ठूलो क्षति पुगेको छ ।

इरानमा नागरिक पूर्वाधार, शिक्षा र स्वास्थ्य सेवामा हुने लगातार हवाई हमलाहरूको कारण रुसी सरकारले तत्काल बैठकको अनुरोध गरेको हो । यस सम्बन्धमा रुसी राजदूतका प्रवक्ताले राज्य सञ्चार माध्यममार्फत जानकारी दिएका छन् ।

युद्धको पहिलो दिन दक्षिणी इरानी शहर मिनाबमा भएको हवाई हमलामा एक विद्यालय लक्षित भएको थियो, जसमा १६० भन्दा बढी बालबालिका मारिएका थिए । प्रारम्भिक अनुसन्धान अनुसार, उक्त हवाई हमला लक्ष्य निर्धारणमा भएको गल्तीका कारण भएको थियो ।

यस महिनामा आयोजित बैठकको समय बिहान १० बजे तय गरिएको छ । बैठकमा इरानमाथि भएका हवाई हमलाको प्रभाव, मानविय क्षति र युद्ध रोकथामका उपायबारे छलफल हुने अपेक्षा गरिएको छ ।

अमेरिका र इजरायलको सैन्य अभियानले इरानी नेतृत्व, मिसाइल स्थल र अन्य सैन्य पूर्वाधारलाई लक्षित गरेको छ । यसको प्रतिक्रियामा इरानले गल्फ क्षेत्रमा व्यापक हमला गरेको छ र महत्वपूर्ण जलमार्ग स्ट्रेट अफ होर्मज अस्थायी रूपमा बन्द भएको छ । यस जलमार्गमार्फत सामान्य अवस्थामा विश्वको कच्चा तेल र तरल प्राकृतिक ग्यासको ठूलो हिस्सा गुज्रिन्छ ।

यसैबीच, मानव अधिकार परिषद्ले पनि जेनेभामा अलग बैठक आयोजना गर्दै विद्यालयमाथि भएको घातक हवाई हमलाबारे छलफल गर्ने तयारी गरेको छ । बैठकले नागरिकको सुरक्षामा ध्यान दिँदै युद्धका प्रभाव र भविष्यका रोकथामका उपायहरूमा जोड दिने अपेक्षा गरिएको छ ।

# नवनियुक्त अर्थमन्त्री डा वाग्लेद्वारा पदभार ग्रहण: १५ ऐन र राजस्व अनुसन्धान विभाग खारेज प्रक्रिया अघि बढाउने निर्णय

काठमाण्डु । नवनियुक्त अर्थमन्त्री डा स्वर्णिम वाग्लेले पदभार ग्रहण गर्नुभएको छ । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष शपथ ग्रहण गरेपछि उहाँ आज अर्थ मन्त्रालय पुगेर पदभार सम्हाल्नुभएको हो ।

सो अवसरमा अर्थमन्त्री डा वाग्लेले उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग, २०८१ का महत्वपूर्ण सुझाव कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले आयोगको सिफारिसअनुसार राजस्व अनुसन्धान विभाग खारेज गर्ने तथा विभिन्न १५ ऐन खारेज वा संशोधन प्रक्रिया तत्काल अघि बढाउने निर्णय गरिएको जानकारी दिनुभयो ।

अर्थमन्त्री डा वाग्लेले चैत ११, २०८२ सम्मको 'आर्थिक स्थितिपत्र' पाँच दिनभित्र तयार पार्ने र सरकारको निर्वाचन वाचापत्रलाई कार्यान्वयनमा लैजान १०० दिने, अर्धवार्षिक तथा वार्षिक कार्ययोजना बनाइने बताउनुभयो । उहाँले वाचापत्रलाई आन्तरिकीकरण गर्दै प्रभावकारी कार्यान्वयनतर्फ सरकार अघि बढ्ने उल्लेख गर्नुभयो ।

उहाँका अनुसार निजी उद्यम-व्यवसायको सुरक्षा तथा प्रवर्द्धन, ठूला विकास आयोजनाको सहजीकरण र प्रक्रियागत झन्झट हटाउन नयाँ विधेयक तर्जुमा तथा विद्यमान कानुन संशोधनलाई प्राथमिकता दिइनेछ । "अब ठूला आयोजना फटाफट अघि बढ्ने वातावरण बनाइनेछ", उहाँले भन्नुभयो ।

अर्थमन्त्री डा वाग्लेले अर्थतन्त्रमा देखिएका समस्यालाई टुक्राटुक्रा रूपमा नभई समग्र रूपमा समाधान गर्ने नीति लिइने बताउँदै तजबिजी अधिकार हटाएर प्रणालीगत सुधार गरिने उल्लेख गर्नुभयो । उहाँले सार्वजनिक खर्च पुनरावलोकन आयोगको सिफारिस कार्यान्वयन, आन्तरिक उत्पादन वृद्धि, रोजगारी सिर्जना र रुपान्तरणकारी बजेट निर्माणलाई प्राथमिकतामा राखिने जानकारी दिनुभयो ।

उहाँले विद्युतीय शासन प्रणालीलाई प्रवर्द्धन गर्दै 'पेपरलेस' र 'क्यासलेस' प्रणालीतर्फ अघि बढ्ने प्रयासको सुरुआत अर्थ मन्त्रालयबाटै गरिएको पनि बताउनुभयो । साथै, वर्तमान अन्तरराष्ट्रिय परिस्थिति, विशेषगरी मध्यपूर्व क्षेत्रमा देखिएको समस्यालाई सूक्ष्म ढङ्गले विश्लेषण गर्दै अन्तर-निकाय समन्वयमार्फत त्यसको प्रभाव व्यवस्थापन गरिने उहाँको भनाइ छ ।



उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदनअनुसार खारेज प्रक्रिया अघि बढाइने ऐनहरूमा आय टिकट दस्तुर ऐन, २०१९, कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, निजी वन जङ्गल राष्ट्रियकरण ऐन, २०१३, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३, क्षतिपूर्ति ऐन, २०१९, विर्ता उन्मुलन ऐन, २०१६, विर्तावालले विर्तामा रकम लगाइ-लिन खान नपाउने ऐन, २०१५, राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१, नेपाल एजेन्सी ऐन, २०१४, प्रादेशिक विकास योजना (कार्यान्वयन गर्ने) ऐन, २०१३, निकासी-पैठारी (नियन्त्रण) ऐन, २०१३, सामाजिक व्यवहार सुधार ऐन, २०३३, नेपाली मुद्राको चलनचल्ती बढाउने ऐन, २०१४ तथा वित्तीय मध्यस्थताको काम गर्ने संस्थासम्बन्धी ऐन, २०५५ रहेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापतिसमेत रहनुभएका अर्थमन्त्री डा वाग्लेले ऐतिहासिक जनादेश प्राप्त वर्तमान सरकारले निजी क्षेत्रमैत्री नीति अवलम्बन गर्दै आर्थिक तथा कानुनी सुधारको व्यापक मार्गचित्र अघि बढाउनेसमेत बताउनुभयो ।

नवनियुक्त अर्थमन्त्री डा वाग्ले मुलुकको आर्थिक नीतिगत नेतृत्वमा अनुभवी र अन्तरराष्ट्रिय पहिचान बनाएका व्यक्तिका रूपमा परिचित हुनुहुन्छ । नवगठित मन्त्रिपरिषद् वाग्ले दोस्रो वरियतामा राखिनुले सरकारको आर्थिक एजेन्डा उच्च प्राथमिकतामा रहेको बुझ्न सकिन्छ ।

तनहुँ क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित वाग्लेले २०८२ सालको निर्वाचनमा ३८ हजार ४० मत प्राप्त गर्दै प्रभावशाली जित हासिल गर्नुभएको थियो ।

### यस्तो छ अर्थमन्त्री डा. वाग्लेको जीवनी

विसं २०३१ जेठ १६ गते गोरखामा जन्मिएका वाग्ले २०४६ सालको जनआन्दोलनदेखि नै लोकतान्त्रिक आन्दोलनमा सक्रिय रहँदै आउनुभएको थियो । वाग्लेले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) को एसिया-प्रशान्त क्षेत्रीय ब्युरोमा प्रमुख आर्थिक सल्लाहकारका रूपमा काम गरिसक्नुभएको छ ।

त्यस्तै, विश्व बैंकमा वरिष्ठ अर्थशास्त्रीका रूपमा काम गरिसक्नुभएका उहाँले विकासशील राष्ट्रहरूको आर्थिक रूपान्तरणका विविध पक्षमा योगदान दिनुभएको छ ।


त्यस्तै, राष्ट्रिय योजना आयोगमा सदस्य र पछि उपाध्यक्षका रूपमा कार्य गर्दै राष्ट्रिय विकास रणनीति निर्माण, अन्तर-मन्त्रालय समन्वय तथा दीर्घकालीन योजनाको मार्गनिर्देशनजस्ता कार्यमा उहाँको अनुभव छ ।

एसियाली विकास बैंक, अन्तरराष्ट्रिय व्यापार केन्द्रजस्ता अन्तरराष्ट्रिय संस्थामा परामर्शदाता, काठमाडौं विश्वविद्यालयका पूर्वसिनेट सदस्य तथा विश्व बैंकको 'साउथ एसिया च्याम्पियन्स ग्रुप'का सदस्यका रूपमा पनि उहाँले जिम्मेवारी सम्हालिसक्नुभएको छ ।

शैक्षिक दृष्टिले पनि वाग्ले अत्यन्त सशक्त पृष्ठभूमि भएका व्यक्ति हुनुहुन्छ । उहाँले लण्डन स्कुल अफ इकोनोमिक्सबाट स्नातक, हार्वर्ड विश्वविद्यालयबाट अन्तरराष्ट्रिय विकासमा स्नातकोत्तर तथा अष्ट्रेलियन नेसनल विश्वविद्यालयबाट अर्थशास्त्रमा विद्यावारिधि हासिल गर्नुभएको छ । लेखन तथा बौद्धिक योगदानका हिसाबले पनि वाग्ले सक्रिय हुनुहुन्छ । उहाँले सहसम्पादन गरेको पुस्तक 'द ग्रेट अपहेभल' तथा सहलेखनमा तयार भएको 'द राइज अफ द साउथ'जस्ता पुस्तक अन्तरराष्ट्रिय प्रकाशनबाट प्रकाशित छन् ।

अर्थमन्त्रीका रूपमा वाग्लेको नियुक्ति विशेषगरी नेपालको सुस्त आर्थिक वृद्धि, घट्दो राजस्व सङ्कलन, बढ्दो सार्वजनिक ऋण र विकास खर्चको न्यून कार्यान्वयनजस्ता चुनौतीबीच भएको छ । यस्ता जटिल परिस्थितिमा अन्तरराष्ट्रिय विकास अनुभव र नीतिनिर्माणको दीर्घ अभ्यास भएका वाग्लेबाट ठोस सुधारको अपेक्षा गरिएको छ । अबको सन्दर्भमा वाग्लेसमक्ष प्रमुख चुनौती भनेको आर्थिक स्थायित्व कायम गर्दै रोजगारी सिर्जना, लगानी वृद्धि, निजी क्षेत्रको मनोबल पुनःस्थापना र संघीय संरचनामा वित्तीय अनुशासन सुदृढ गर्नु रहेको देखिन्छ । विगतमा नीतिनिर्माणमा देखाएको सक्रियता र अन्तरराष्ट्रिय अनुभवका आधारमा उहाँले सुधारमुखी एजेन्डा अघि सार्ने अपेक्षा गरिएको भए पनि राजनीतिक दबाब, प्रशासनिक जटिलता र संरचनागत कमजोरीले उहाँको कार्यक्षमता कतिको प्रभावकारी हुन्छ भन्ने प्रश्न भने खुला नै छ । रासस

# बाह्र वर्षपछि दोदा नदीमा पुल निर्माण



कञ्चनपुर । कृष्णपुर नगरपालिका र लालझाडी गाउँपालिका जोड्ने दोदा नदीको पुल सम्झौता भएको १२ वर्षपछि निर्माण सम्पन्न भएको छ ।

पुल निमार्णका लागि २०७२ पुस २६ गते लुम्बिनी राजेन्द्रकुमार श्रेष्ठ जेभी कैलालीसँग ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार पुल निर्माणको काम २०७५ पुस २६ मा सम्पन्न गर्नुपर्ने भए पनि सम्झौता गरेको १२ वर्षपछि पुल निर्माण सम्पन्न भएको डिभिजन सडक कार्यालय महेन्द्रनगरले जनाएको छ ।


पुल निमार्णको सम्झौताअनुरूप त्यतिबेला काम सुरु भएर तीनवटा पिलरसम्म निर्माण भएका थिए । तर पुलको फाउन्डेसनमा समस्या देखिएपछि डिजाइन परिवर्तन भएर पुल निर्माण हुन १२ वर्ष लागेको हो । "पुलको फाउन्डेसनमै समस्या देखिएपछि डिजाइन परिवर्तन गरेर पुल निर्माण गर्न समय लाग्यो", डिभिजन सडक कार्यालय महेन्द्रनगरका इन्जिनियर हरिसप्रसाद जोशीले भन्नुभयो, "पुल निर्माण सम्पन्न भएर आवतजावत सुरु भइसकेको छ ।" उहाँका अनुसार उक्त पुल निमार्णका लागि तीनपटकसम्म म्याद थप गरिएको थियो ।

दोदा नदीमा पुल नहुँदा वर्षौंदेखि यहाँका स्थानीयले आवतजावतमा समस्या झेल्दै आएका थिए । "पुल बनेपछि हामीलाई आवतजावतमा सहज भएको छ, वर्षातमा ज्यान जोखिममा राखेर खोला तर्नुपर्ने बाध्यता थियो ।" यहाँका स्थानीय भूपेन्द्र चौधरीले भन्नुभयो, "पुल बनेपछि यहाँका स्थानीयलाई ठूलो राहत भएको छ ।"

नदीपारि बसाइ र वारि खेतबारीको काम गनुपर्ने भएकाले बाध्य भएर ज्यान नै जोखिममा राखेर खोला तर्नुपर्ने बाध्यता रहेको अर्का स्थानीय रमेश महर बताउनुहुन्छ । "नदीपारि लालझाडीमा बसाइ रहेका धेरैको वारि कृष्णपुर नगरपालिकामा खेती छ", उहाँले भन्नुभयो, "पुल बनेपछि यहाँका स्थानीय हर्षित छन् ।" उहाँले उक्त नदीमा पुल नहुँदा यहाँका स्थानीयहरू रोपाइको सिजनमा सास्ती खेप्दै आएको बताउनुभयो । पुल निमार्णका लागि लुम्बिनी राजेन्द्रकुमार श्रेष्ठ जेभी कैलालीसँग रु २४ करोड २२ लाख ५७ हजारमा ठेक्का सम्झौता भएको थियो । रासस

# मार्सी धानको बीउ बेर्नामा छरेर जुम्लामा मनाइयो धान दिवस

जुम्ला । मार्सी धानको बीउ बेर्नामा छरेर जुम्लामा २३औँ धान दिवस २०८२ एक कार्यक्रमका बीच मनाइएको छ । 'जुम्लाको मूल्यवान मार्सी धान, संरक्षण प्रवर्द्धन हाम्रो अभियान' भन्ने नाराका साथ जिल्ला कृषि विकास कार्यालयको आयोजनामा आज कृषि अनुसन्धान केन्द्रको प्राङ्गणमा जुम्ली मार्सी धानको बीउ प्रदर्शनी, बीउको उपचार विधि र बीउ बेर्नामा छरेर धान दिवस मनाएको कृषि विकास कार्यालयका प्रमुख रामभक्त अधिकारीले जानकारी दिनुभयो ।



कर्णाली प्रदेश सरकारले जिल्लामा परम्परादेखि चैत १२ गते नै धानको बीउ घरमा भिजाउने दिनलाई वारुवाको दिवसका रूपमा मानी २०७७ साल जेठ १२ गते बसेको प्रदेश सरकारको मन्त्रिपरिषद्को बैठकले जुम्ला जिल्लालाई चैत १२ गतेको दिनलाई धान दिवस मनाउने भनी निर्णय गरेअनुसार यस वर्ष पनि प्रदेश सरकारको परिपत्रअनुसार कृषि क्षेत्रमा काम गर्ने जिल्लाका सरोकारवाला निकायको सहकार्यमा धान दिवस मनाएको कार्यालय प्रमुख अधिकारीको भनाइ छ ।

जिल्लामा दुई हजार ८८८ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ । जसमध्ये एक हजार ६८ हेक्टर अर्थात् ३७ प्रतिशत क्षेत्रफलमा रैथाने जुम्ली मार्सी धान उत्पादन हुने गरेको छ । गत वर्षको कात्तिकदेखि फागुन मसान्तसम्मको अवधिमा जिल्ला बाहिर करिब १७५ मेट्रिक टन जुम्ली मार्सी धानको चामल बिक्री वितरणबाट करिब रु तीन करोड ५० लाख किसानले आम्दानी गरेको कृषि विकास कार्यालयका प्रमुख अधिकारीले जानकारी दिनुभयो ।


चैत १२ गते बीउ पानीमा बोरामा राखेर भिजाइन्छ, १६ गते बाहिर निकालिन्छ र २० गते बेर्नामा छरिन्छ । हरेक वर्ष चैत २० गते कर्णालीमा मार्सी धानको बीउ घरमै उत्पादन गरी बेर्नामा छर्ने गरिन्छ । यहाँको चलनअनुसार चन्दननाथ, भैरवनाथ, कनकासुन्दरी, मष्टो, कालिका, मालिका देवतालाई र आआफ्ना कूलदेवतालाई सम्झेर चैत १२ गतेदेखि धान उत्पादन गर्ने पम्परागत चलन रहेको नागरिक समाजका संयोजक राजबहादुर महतले बताउनुभयो ।

जिल्लामा परम्परागत खेती गरिँदै आएको जुम्ली मार्सी धानखेती प्रविधिमा केही रोग कीराको बढ्दा समस्याका कारण जिल्लामा रहेको कृषि अनुसन्धान केन्द्रले चन्दननाथ १ र ३ जातको धान यहाँका विभिन्न क्षेत्रमा लगाउनका लागि सिफारिस गरिएको छ । अब अनुसन्धानले मार्सी १८, २० र २२ जातको धान सिफारिस गर्ने क्रममा रहेको कृषि विकास कार्यालयका बागवानी विकास अधिकृत तीर्थराज देवकोटाले जानकारी दिनुभयो ।

पछिल्लो समयमा धानखेतीमा विभिन्न प्रकारका रोग लाग्ने गरेका छन् । जुम्ली मार्सी धानको महत्व र यसको खेतीसम्बन्धी प्राविधिक ज्ञान, सीप स्थानीयस्तरमा प्रदान गर्नु अतिआवश्यक छ । मार्सी धान लोपोन्मुख हुनबाट बचाउन स्थानीय तहदेखि सम्बन्धित कार्यालयको महत्त्वपूर्ण भूमिका रहने जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यको भनाइ छ । रासस

# तनहुँ जलविद्युत् आयोजना: प्रसारण लाइन निर्माणका लागि रुख छपान शुरु

दमौली । तनहुँ जलविद्युत् आयोजनाअन्तर्गत प्रसारण लाइन निर्माणका लागि रुखमा छपान सुरु भएको छ । आयोजनाको प्याकेज तीनअन्तर्गत प्रसारण लाइन निर्माणका लागि चितवन जिल्लामा पर्ने रुखहरूमा छपान सुरु गरिएको हो ।



आयोजनाको दमौली भरतपुर २२० केभी प्रसारण लाइनको मार्गाधिकारमा पर्ने चितवन जिल्लास्थित राष्ट्रिय वनमा रहेका रुखहरूको छपान कार्य सुरु भएको आयोजना प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । प्रसारण लाइनको टावर निर्माण र मार्गाधिकारमा चितवन र तनहुँ जिल्लामा पर्ने वन क्षेत्रको जग्गा र त्यहाँ रहेका बोटबिरुवा हटाउन वन तथा भूसंरक्षण विभागसँग सम्झौता भएको थियो ।

प्रसारण लाइन निर्माणका लागि तनहुँ र चितवनमा पर्ने ९२.७ हेक्टर वन क्षेत्रको जग्गा भोगाधिकार पाउनुका साथै त्यहाँ रहेका नौ हजार १२७ रुखपोल हटाउन अनुमति प्राप्ति भएसँगै काम अगाडि बढेको भण्डारीले बताउनुभयो । मन्त्रिपरिषद्को निर्णयबमोजिम आयोजनाको दमौली भरतपुर २२० केभी प्रसारण लाइनको टावर निर्माण र मार्गाधिकारमा चितवन र तनहुँ जिल्लामा पर्ने वन क्षेत्रको जग्गा र त्यहाँ रहेका बोटबिरुवा हटाउन तनहुँ हाइड्रोपावर लिमिटेड र वन तथा भूसंरक्षण विभागबीच हालै सम्झौता भएको थियो ।

यस प्याकेजको निर्माण व्यवसायी केइसी इन्टरनेशनल लिमिटेड भारतले दमौली भरतपुर २२० केभी ३३ किलोमिटर प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये हालसम्म ७८ वटा टावरहरूको जग हाल्ने र ६९ वटा टावर जडान कार्य सम्पन्न गरिसकेको छ । यस प्याकेजको समग्र प्रगति ७६ प्रतिशत रहेको भण्डारीले बताउनुभयो ।

तनहुँ जलविद्युत आयोजनाको तीनवटा प्याकेजमा काम भइरहेको छ । प्याकेज एक अन्तर्गत बाँधलगायतका संरचनाको काम सोङ्दा कालिका जेभीले गरिरहेको छ । यो प्याकेजमा ५४ प्रतिशत प्रगति भएको भण्डारीले बताउनुभयो । मुख्य बाँध निर्माणका लागि डाँडा कटान, पहुँच सडक, सेती नदीको धार फर्काउन आवश्यक अस्थायी बाँध, दुईवटा डाइभर्सन सुरुङलगायत संरचनाको निर्माणकार्य सकिएको छ ।

मुख्य बाँध निर्माणका लागि सेती नदीलाई २०८० कात्तिक २० गते पथान्तरण गरिएको थियो । विसं २०८१ जेठमा मुख्य बाँधको माथिल्लो र तल्लो तटीय क्षेत्रमा अस्थायी बाँध निर्माणकार्य सकिएको जनाइएको छ ।

प्याकेज-२ अन्तर्गत विद्युत्गृह तथा सम्बन्धित उपकरणको काम सिनो हाइड्रो कर्पोरेसन चीनले गरिरहेको छ । यस अवधिसम्म भूमिगत संरचना निर्माणका लागि खन्ने कार्य सम्पन्न गरी अधिकांश संरचनाको सिभिल निर्माणकार्य सम्पन्न भएको भण्डारीले बताउनुभयो । विद्युत्गृह, केवल सुरुङ, सर्च ट्याङ्क, टेलरेसलगायत संरचनाको मुख्य कङ्क्रिटिङ कार्य सम्पन्न भएको यस प्याकेजको प्रगति ७३ प्रतिशत छ ।

भण्डारीका अनुसार विद्युत् गृहको सिभिल कार्य करिब सम्पन्न भएको छ भने इलेक्ट्रोमेकानिकल कार्य जारी छ । विद्युत्गृहमा छाना लगाउने, पानी फाल्नेलगायतका काम भइरहेका छन् । रासस

# बेनी नगरपालिकाका १० गौरवका आयोजना

म्याग्दी । बेनी नगरपालिकाले चालु आर्थिक वर्ष २०८२/८३ मा १० वटा गौरवका आयोजना कार्यान्वयन गरेको छ । सडक, पर्यटन, स्वास्थ्य, कृषि, सिँचाइ, भवन, खेलकुद पूर्वाधार निर्माणसम्बन्धी रु छ करोड २२ लाख बजेट विनियोजन भएका आठवटा योजना सञ्चालन र दुईवटा ठेक्का सम्झौताको चरणमा रहेका छन् ।

बेनी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अर्जुन शर्माले रु एक करोड ८० लाख बजेट विनियोजन भएको बेनी-पुलाचौर-टोड्के सडक योजनाको २० प्रतिशत भौतिक प्रगति भएको जानकारी दिनुभयो । यो बेनी नपाले चालु आवमा सञ्चालन गरेको सबैभन्दा बढी बजेट विनियोजन भएको आयोजना हो । 'रिभर एज इन्जिनियरिङ एन्ड बिल्डर्स' प्रालिले रु एक करोड २१ लाख ५१ हजार २०० मा ठेक्का सम्झौता गरेको बेनी-पुलाचौर-टोड्के सडक योजनामार्फत बेनी नगरपालिका-५ पुलाचौर क्षेत्रमा सडक विस्तार, नाली, पर्खाल निर्माण र ढलान गर्ने लक्ष्य रहेको छ ।

त्यसैगरी रु एक करोड ६५ लाख बजेट विनियोजन भएको बेनी-महारानीथान-छाप-डाँडाखेत सडक स्तरोन्नति योजनाको ४० प्रतिशत भौतिक प्रगति भएको छ । शङ्कर निर्माण सेवाले रु एक करोड १३ लाख दुई हजार ४४५ मा ठेक्का सम्झौता गरेको आयोजनामार्फत बेनपा-६ र ७ मा पर्ने अग्निखेत क्षेत्रमा सडक स्तरोन्नतिको काम भइरहेको छ ।

रु ६६ लाख बजेट विनियोजन भएको र 'रिभर एज इन्जिनियरिङ एन्ड बिल्डर्स' प्रालिले रु ४८ लाख ७४ हजार २७७ मा ठेक्का सम्झौता गरेको बेनपा-९ को गलेश्वर बजार सौन्दर्यकरण परियोजनाको ४५ प्रतिशत भौतिक प्रगति भएको छ । लिमिसा कन्ट्रक्सन एन्ड सप्लायर्स प्रालिले रु ४२ लाख ४५ हजार ४५५ मा ठेक्का सम्झौता गरेको बेनपा-८ कालीपुलको कृषि बजार भवन निर्माण योजनाको प्रारम्भिक चरणको काम सुरु भएको छ ।



रु ४० लाख बजेट विनियोजन भएको बेनी खुलामञ्च खेलमैदान स्तरोन्नति योजनाको रु २७ लाख ३० हजार ७२९ मा ठेक्का सम्झौता गरेको न्यू बानियाँ निर्माण सेवा र रु २० लाख बजेट विनियोजन भई रु १५ लाख ४३ हजार ९६७ मा बानियाँ निर्माण सेवाले ठेक्का लिएको गुरुङकोटदेखि सिमधारा-पैयारुख सडक स्तरोन्नति योजना सुरु भएको प्रमुख प्रशासकीय अधिकृत शर्माले बताउनुभयो ।

सोमरस निर्माण सेवाले ठेक्का लिएको बेनी नगरपालिका-६ र १० को वडा कार्यालय भवन निर्माणसम्बन्धी छुट्टाछुट्टै योजना पनि निर्माण सुरु भएको छ । रु १५ लाख बजेट विनियोजन भएको ६ नम्बर वडाको भवन बनाउन रु १३ लाख ८२ हजार २२४ र रु १२ लाख बजेटको १० नं वडाको सभाहल बनाउन रु १० लाख ९४ हजार ८४८ मा ठेक्का सम्झौता भएको छ ।

रु ४० लाख बजेट विनियोजन भएको बालम-थामडाँडा-बास्कुना सिँचाइ र रु २४ लाख बजेट विनियोजन भएको डडुवा सामुदायिक स्वास्थ्य केन्द्रको भवन निर्माणसम्बन्धी योजना ठेक्का सम्झौताको चरणमा रहेको नगरपालिकाका सूचना अधिकारीसमेत रहनुभएका प्रशासकीय अधिकृत युवराज थापाले बताउनुभयो ।

दशवटा वडा रहेका बेनी नगरपालिकाले बजेट विनियोजन गरेका वडास्तरीय ३४६ वटा योजनामध्ये फागुन मसान्तसम्म २४२ वटा सम्झौता भएकामा १०५ वटा सम्पन्न भएका छन् । एक सय चारवटा योजना सम्झौताको चरणमा रहेका छन् । रासस

# सुनचाँदीको मूल्यमा केही गिरावट

काठमाण्डु । स्थानीय बजारमा आज सुनचाँदीको मूल्यमा सामान्य गिरावट भएको छ । सुन तोलामा रु चार हजार ६०० ले घटेको छ भने चाँदी पनि रु १५० ले घटेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आज छापावाल सुनको मोल प्रतितोला रु दुई लाख ८१ हजार र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु चार हजार ६७० कायम भएको छ ।

हिजो बिहीबार छापावाल सुनको मोल प्रतितोला रु दुई लाख ८५ हजार ६०० र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु चार हजार ८२० कायम भएको थियो ।

गत बुधबार छापावाल सुनको मोल प्रतितोला रु दुई लाख ८८ हजार ५०० र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु चार हजार ९२० कायम भएको थियो ।

अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार आज अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ४३४ र त्यति नै परिमाणको चाँदी ६९ अमेरिकी डलरमा कारोबार भइरहेको छ । रासस

# बालेनको सचिवालयमा बेन र शाह

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रधानमन्त्री बालेन्द्र साह (बालेन) ले आफ्नो सचिवालय टिम गठन गरेका छन् । काठमाण्डुमा शुक्रबार प्रधानमन्त्रीमा नियुक्त भएसंगै पद तथा गोपनीयताको शपथ लिएर पदबहाली गरेका साहले सल्लाहकार र सचिवालयको टिम पनि बनाएका छन् ।

जसअनुसार साहले प्रमुख सल्लाहकारमा कुमार बेनलाई नियुक्त गरेका छन् । उनी साहका रणनीतिक सल्लाहकार हुन् ।

काठमाण्डु महानगरपालिकाको मेयरमा चुनाव लडदा बेनले उनलाई साथ दिएका थिए । उनी निरन्तर सल्लाहकार बनेर सघाउँदै आएका छन् । उनमा हरेक रणनीति बनाउन दक्ष रहेको निकटस्थहरू बताउँछन् ।

त्यस्तै राजनीतिक सल्लाहकारमा असिम शाह नियुक्त भएका छन् । उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) संग एकता गराउन भूमिका खेलेका थिए ।

रास्वपा सभापति रवि लामिछाने र साहलाई असिमले आफ्नै निवासमा भेटवार्ता गराएका थिए । उनकै पहलमा मध्यरातसम्म छलफल गरेर ७ बुँदे एकताको सहमति भएको थियो ।

सोही सहमतिका आधारमा शाह रास्वपमा प्रवेश गरेका थिए । रास्वपा शाहलाई प्रधानमन्त्री प्रस्ताव गरेर फागुन २१ गतेको प्रतिनिधि सभाको चुनावमा होमिएको थियो । असिम अघिल्लो पटक रास्वपाबाट समानुपातिक सांसद थिए ।



प्रतिनिधि सभाको निर्वाचनमा असिमलाई काठमाण्डु क्षेत्र नम्बर ५ बाट उठाउने तयारी भएको थियो । तर अन्तिम सयममा असिम पछि हटेका थिए । त्यस क्षेत्रमा साहकै टिमका सस्मित पोखरेललाई उम्मेदवार बनाइएको थियो ।

यसैगरी प्रधानमन्त्री शाहको मुख्य स्वकीय सचिवमा सुवास शर्मा नियुक्त भएका छन् । सुदिप ढकाललाई प्रधानमन्त्रीको प्रशासन प्रमुखको जिम्मेवारी दिइएको छ ।

सूचना, सञ्चार तथा प्रविधि संयोजकमा विवेक मिश्र नियुक्त भएका छन् । अन्य सल्लाहकार केही दिनमै नियुक्त गर्ने प्रधानमन्त्री साहका राजनीतिक सल्लाहकार असिमले जानकारी दिए ।

त्यस्तै अर्जुन घिमिरे, भूपदेव शाह, मेयर हुँदा सचिवालयमा रहेका सुरेन्द्र बजगाईंलगायत मिडियाको टोली शाहसंगै निरन्तरत छन् । उनीहरूको बारेमा आइतबारसम्म निर्णय हुने बताइएको छ ।

यसैगरी, प्रधानमन्त्री साहको सरकारी टिमतर्फ निजी सचिवालयको जिम्मेवारी सहसचिव प्रदीप परियारले पाएका छन् । परियार केही दिनदेखि साहको लागि प्रधानमन्त्री कार्यालय, अतिथि कक्ष, मन्त्रिपरिषद् हलको वास्तु मिलाउन सक्रिय थिए । साह काठमाण्डु महानगरको मेयर हुँदा केही समय प्रमुख कार्यकारी अधिकृत भएर काम गरेका थिए ।

त्यस्तै प्रधानमन्त्री साहको व्यक्तिगत सुरक्षा अधिकृत (पीएसओ) मा प्रहरी नायव उपरीक्षक (डीएसपी) दिपेश बस्याललाई खटाइएको छ ।

# आश जगाएको मन्त्रिमण्डल : भरोसा योग्य कामको अपेक्षा



ब्लग :



श्यामसुन्दर शशि

व्यक्ति विशेषले मन्त्रिमण्डलमा स्थानपायो कि पाएन ? जातीय क्लष्टरको समिश्रण भयो कि भएन ? मन्त्रिमण्डलमा धार्मिक र क्षेत्रीय सन्तुलन मिलेको छ कि छैन ? यी मुद्दाहरुको वस्तुनिष्ठ विश्लेषणले राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा २०८२ चैत्र १३ गते मध्यान्ह १२.३४ वजे गठन भएको मन्त्रिमण्डलमाथि धेर-थोर सवाल उठाउने पक्का हो, तर बालेन्द्र शाहको नेतृत्वमा गठन भएको १५ सदस्यीय वर्तमान मन्त्रिमण्डललाई नेपालकै इतिहासमा सबभन्दा सानो, महिला र मधेशी मैत्री (समावेशी) तथा युवा पुस्ताको बाहुल्यता भएको मन्त्रिमण्डल भन्दा अतिशयोक्ति न होला ।

१५ सदस्यीय मन्त्रिमण्डलमा निशा मेहता, सोविता गोतम, गीता चौधरी, सीता वादी र प्रतिभा रावल गरी ५ जना महिला छन् । इतिहासमा पहिलो पटक बालेन्द्र शाहको रुपमा प्रधानमन्त्री सहित निशा मेहता(स्वास्थ्यमन्त्री) र दीपककुमार साह (श्रममन्त्री) को रुपमा तीनजना मधेशी मन्त्री छन् । युवाहरुको बाहुल्यता रहेको यस सानो मन्त्रिमण्डलमा दलित (पहाडी), जनजाति सहित लगभग सबै जातीय क्लष्टरको प्रतिनिधित्व छ । मन्त्रिमण्डलमा तराईका बहुसंख्यक जातीय क्लष्टर यादव र मुस्लिमलाई पनि समाहित गर्न सकेको भए अझ राम्रो हुने थियो ।

नेपालको राजनीतिक इतिहासमा २०१६ साल जेठ १३ गते कांग्रेस नेता बीपी कोइरालाको नेतृत्वमा गठित पहिलो जननिर्वाचित मन्त्रिमण्डललाई सबभन्दा बढी समावेशी मानिएको थियो । २१ सदस्यीय बीपी मन्त्रिमण्डलमा रामनारायण मिश्र, सूर्यनारायण यादव र शिवप्रसाद साह गरी तीनजना मधेशीलाई महत्वपूर्ण मन्त्रालय दिइएको थियो । तर २०१६ मा नेपालको जनसंख्या १ करोडको हाराहारीमा हुँदा २१ सदस्यीय मन्त्रिमण्डल थियो भने हाल नेपालको जनसंख्या ३ करोडको हाराहारीमा छदा १५ सदस्यीय मन्त्रीमण्डल गठन गरिएको छ । जो निः सन्देह आश लाग्दो छ ।

नेपालको राजनीतिक इतिहासमा कुनै पार्टीले एक्लै झण्डै दुई तिहाइको बहुमत ल्याएको यो दोश्रो पटक हो । २०१५ को निर्वाचनमा नेपाली कांग्रेसले १०९ सीटमध्ये ७४ सिट जितेको थियो भने २०८२ मा राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) ले २७५ मा १८२ सिट जितेको छ ।

राजनीतिक इतिहासमा यस अघि नेपाली कांग्रेसले तीन पटक स्पष्ट बहुमतको सरकार बनाउने मौका पाए पनि तीनै पटक ५ वर्षे कार्यकाल पूरा गर्न नसकेको अमिलो स्मरण हामीसंग छ । २०१६ साल जेठ १३ गते बीपी कोइराला नेतृत्वको सरकारलाई २०१७ साल पुष १ गते राजा महेन्द्रले 'कू' गरी अपदस्त गरेको थियो । मुलुकमा प्रजातन्त्र पुनर्स्थापनापश्चात् वि.सं. २०४८ सालमा २०५ सदस्यीय प्रतिनिधिसभाको लागि भएको निर्वाचनमा नेपाली कांग्रेसले ११० सिट जितेर स्पष्ट बहुमत प्राप्त गरी गिरिजा प्रसाद कोइरालाको नेतृत्वमा सरकार बनाएको थियो भने वि.सं. २०५६ को आमनिर्वाचनमा नेपाली कांग्रेस २०५ सिट मध्ये ११३ सिट सहित स्पष्ट बहुमतल्याई सुरुमा कृष्णप्रसाद भट्टराई र पछि गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सरकार गठन गरेको थियो ।

तर नेपाली कांग्रेसले तीन पटक प्राप्त गरेको स्पष्ट बहुमतको सरकार एक पटक राजा महेन्द्रको 'कू' को कारण तथा दुई पटक नेपाली कांग्रेस भित्रको आन्तरिक हानथापका कारण स्थायी सरकार बन्न सकेको थिएन ।

नेपाली जनताले एउटै पार्टीलाई दिएको बहुमतलाई जोगाउन नसक्ने, दुई वा दुई भन्दा अधिक पार्टी मिलेर सरकार गठन गर्दा पनि पदको लोभमा गठबन्धन बनाउने र भत्काइ राख्ने, सत्तामा एउटै अनुहार पटक पटक दोहोरी रहने तथा आमनागरिकले सास्ती भोग्नु पर्ने अवस्थाबाट वाकदिक्क बनेका नेपाली युवा पुस्ता भदौ २३ र २४ गते विद्रोह गरेका थिए । युवा पुस्ताको विद्रोहको जगमा भएको निर्वाचनको परिणाम हाम्रो सामु छ । चैत्र १३ गते गठन भएको मन्त्रिमण्डलका सदस्यहरुको अनुहार पनि हाम्रो सामु छ ।

झण्डै दुई तिहाइको जगमा खडा भएको बालेन्द्र सरकारलाई अवसरसंगै चुनौतीहरु पनि छन् । अमेरिका र फिलिस्तीनले इरानमाथि गरेको आक्रमणको कारण खाना पकाउने ग्यास, पेट्रोल, डिजल लगायतका आम नागरिकको भान्छा कोठासम्म प्रभाव पार्ने अत्यावश्यक वस्तुको आभाव छ । खाडी युद्धको कारण वैदेशिक रोजगारीमा गएका नेपालीहरु फर्किने अवस्थामा छन् । श्रम स्वीकृति लिइसकेकाहरु पनि खाडी जान डराउन थालेका छन् । यो अवस्था लामो समयसम्म चल्यो भने नेपालले प्राप्त गर्दै आएको रेमिटान्समा नकारात्मक प्रभाव पार्नु स्वाभाविक हो । यो नव गठित बालेन्द्र सरकारको पहिलो चुनौती हो ।

यसैगरी भारत र चीन बीच लिपुलेक नाकाबाट व्यापार गर्ने सहमति भएको छ । केपी शर्मा ओली नेतृत्वको सरकारले लिपोलेकलाई नेपाली नक्सामा समाहित गरेको हामी सबैलाई थाहै छ । हाल यसै मार्गलाई प्रयोग गरी भारत र चीनबीच हुन लागेको व्यापारलाई बालेन्द्र सरकारले कुन रुपमा लिने हो ?

भदौ २३ र २४ गते जेन-जी पुस्ताको आन्दोलनमा भएको हिंसा तथा आगजनी आदि घटना छानबिन गर्न डा. गौरीबहादुर कार्की नेतृत्वको छानबिन समितिले गरेको छानबिनको प्रतिवेदन अनौपचारिक रुपमै भए पनि जनता समक्ष आइसकेको छ । अतः यस अघिका रायमाझी, मल्लिक तथा कर्ण आयोगले दिएको प्रतिवेदन जस्तै कार्की प्रतिवेदन पनि दराजमा थन्किने कि कार्यान्वयन गर्ने बालेन्द्र सरकारको यो तेश्रो चुनौती हो ।

यसरी चुनौतीको चाङबीच उदाएको बालेन्द्र सरकारले यी समस्याहरुको समाधान गरी मुलुकको खस्किदो अर्थतन्त्र उकास्न, शान्ति सुरक्षा कायम राख्न, प्रशासन तन्त्रलाई जनमैत्री बनाउन तथा आमजनतामा सुशासनको अनुभूति गराउने काम गर्न सकोस् । निरास जनतामा आशाको दियो बाल्न सकोस् मेरो यही शुभकामना छ

# रणनीतिक योजना निर्माण गरिने : मन्त्री साह

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशबाट ग्राहयतामा परेर नियुक्त भएका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री दीपक कुमार साहले पदभार ग्रहणसँगै जनशक्ति निर्माण गर्न ५ वर्षे रणनीतिक योजना निर्माण गर्ने निर्णय गरेका छन् ।

सिंहदरबारस्थित मन्त्रालयमा पुगेर मन्त्री साहले पदभार ग्रहण गरेका हुन् । पदभार ग्रहण गर्दै उनले राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानबाट सिपयुक्त जनशक्ति निर्माण गर्न ५ वर्षे रणनीतिक योजना निर्माण गर्ने निर्णयमा हस्ताक्षर गरेका हुन् ।

प्रतिष्ठानले तयार पारेको 'रणनीतिक योजना २०२६-३१' ड्राफ्टमा उनले हस्ताक्षर गरेर एक महिनाभित्रमा तयार पारिसक्ने निर्णय गरेका हुन् ।



सो अवधिमा उक्त ड्राफ्टमा आवश्यक थपघट गरेर अघि बढाउने मन्त्रालयको योजना छ । आफूले गरेको निर्णयतर्फ अब केन्द्रित हुने उनले बताए । महोत्तरी २ बाट आफू निर्वाचित हुँदा त्यस क्षेत्रमा देखेका समस्याको समाधानस्वरुप नै आजको निर्णय सुरुवात विन्दु रहेको उनको भनाइ छ ।

'सबैभन्दा ठूलो सिपको समस्या छ । रोजगारीका लागि सबैभन्दा ठूलो सिप हो, हाम्रो अदक्ष जनशक्ति जो गल्फ कन्ट्रीहरूमा जानुभएको छ, तिनीहरूलाई सिपयुक्त बनाएर पठाउने वा नेपालमै खपत गर्ने हाम्रो मूल उद्देश्य हुनुपर्छ । जनतालाई पढाएर मात्र भएन, अब सिपयुक्त छ कि छैन, त्यो महत्त्वपूर्ण कुरा हो,' मन्त्री साहले भने ।

आफ्नो म्यान्डेटअनुसार जनतालाई दक्ष बनाएर स्वदेशमै रोजगारी सिर्जना गर्नेतर्फ केन्द्रित हुने बताए । प्रतिष्ठानले अबको पाँच वर्षमा कसरी तालिम प्रदान गर्ने, कुन क्षेत्रमा कस्ता खालका जनशक्ति निर्माण गर्ने, विदेशबाट फर्किएकाहरूलाई स्वदेशमा कसरी रोजगारी दिने लगायतका विषयमा रणनीतिक योजनाहरू बन्ने भएका हुन् ।

दक्ष जनशक्ति तयार पारेर उनीहरूको सिपलाई नेपालको औद्योगिक बजारमा उपयोग गर्नेगरी अघि बढिएको मन्त्रालयले जनाएको छ ।

# ६ योजना अलपत्र

**टुडे समाचारदाता**

बारा । बाराको जीतपुर सिमरा उपमहानगरपालिका-५ बकुलियामा मधेस प्रदेश सरकारको लगानीमा निर्माण गरिएका आधा दर्जन सामुदायिक भवनहरू अलपत्र परेका छन् ।

प्रदेश सरकारको २५ देखि ५० लाख रुपैयाँ लगानीमा निर्माण गरिएका दलित तथा जनजाति भवन, धर्मशाला, विवाहमण्डप र क्लब घरहरू बजेट अभावका कारण अलपत्र परेका हुन् ।



आर्थिक वर्ष २०७५/०७६ देखि निर्माण सुरु गरिएका ती भवनमध्ये केहीको जग मात्र उठेको छ भने केहीको छत ढलान मात्र गरिएको छ । निर्माण सम्पन्न भएका भवनहरूमा समेत शौचालय र खानेपानीको सुविधा छैन ।

स्थानीयको आवश्यकताको अध्ययनबिनै प्रदेश सरकारले एउटै टोलमा निर्माण गरिएका ती भवनहरू प्रयोगमा आउन सकेका छैनन् । जीतपुर सिमरा वडा नम्बर ५ का स्थानीयवासी प्रमोद चौधरीले प्रदेश सरकारले चार-पाँचवटा सामुदायिक भवन बनाउनुको सट्टा एउटै राम्रो भवन निर्माण गर्नु उपयुक्त हुने बताएका छन् ।

'चार-पाँचवटा सामुदायिक भवन सुरु गरेर सबै अलपत्र छाड्नुभन्दा एउटै राम्रो भवन निर्माण गरेको भए सदुपयोग पनि हुन्थ्यो,' चौधरीले भने, 'आवश्यकता नभएको ठाउँमा प्रदेश सरकारले त्यसै भवन बनाइदिएको छ, कति लाखमा बनेको छ हामीलाई थाहा पनि छैन ।'

करिब एक दशकअघि निर्माण सुरु भएर अलपत्र छाडिएका भवनका बाँकी काम छिट्टै पूरा गर्न स्थानीयले माग गरेका छन् । प्रदेश सरकारले तत्कालीन नेकपा एमालेका प्रदेशसभा सदस्य सुन्दर विक र सीता गुरुङमार्फत ती सामुदायिक भवन निर्माण गरेको हो ।

आर्थिक वर्षको अन्त्यमा बजेट सक्ने उद्देश्यले मात्रै निर्माण सुरु गरिएका र अधुरै छाडिएका भवनहरू अब कसरी सम्पन्न गर्ने भन्ने अन्योल बढेको छ । अर्का स्थानीय नरेश रामले प्रदेश सरकारले ग्रामीण भेगमा लगानी गर्दा स्थानीयको आवश्यकतालाई प्राथमिकता दिनुपर्ने बताएका छन् ।

जीतपुर सिमरा वडा नम्बर ५ मा २ हजार ५६८ मतदाता छन् । सो वडामा १ हजार १५० घरधुरी छन् । जसमध्ये २५० बढी दलित घर छन् । गाउँमा विपन्नको संख्या पनि ठुलो छ । सो गाउँमा खानेपानीको अभाव छ भने दलित र विपन्नहरू स्वास्थ्य र शिक्षाबाट वञ्चित छन् ।

स्थानीय नरेश रामले समयमै उपचार नपाएर गाउँमा धेरैको अकालमै ज्यान गएकाले प्रदेश सरकारले निःशुल्क स्वास्थ्य बीमा कार्यक्रममा लगानी गर्नुपर्ने बताएका छन् । दलित उपभोक्ता भवन निर्माण समितिका अध्यक्ष इन्दल हजराले प्रदेश सरकारले आर्थिक वर्ष २०७५/०७६ को अन्तिम समयमा बजेट पठाउँदा काम गर्न नसकिएको बताए ।

प्रदेश सरकारले अलपत्र छाडेका संरचनाहरूको निर्माण सम्पन्न गर्न पालिकामा बजेट नभएको वडाध्यक्ष दीपेन्द्र चौधरीको भनाइ छ । 'एक करोड रुपैयाँभन्दा धेरै लगानी भइसकेको छ तर सदुपयोग हुन सकेको छैन । पालिकाबाट यो आर्थिक वर्षमा सम्भव छैन,' वडाध्यक्ष चौधरीले भने, 'अर्को वर्ष व्यवस्थापन गर्नतर्फ लाग्नेछौं ।'

चौधरीले प्रदेश सरकारले बजेट विनियोजन गर्दा अनुमानित लागत अध्ययन गरेर समयमै काम सुरु गर्नुपर्ने सुझाव दिएका छन् । 'आर्थिक वर्षको अन्त्यमा बजेट पठाउँदा हतार-हतारमा काम गर्नुपर्ने र रकम बराबरको काम गर्न नसक्दा सबै भवन अधुरा हुनुको कारण त्यही हो,' उनले भने ।

# रामनवमीमा शोभायात्रा



**टुडे समाचारदाता**

जनकपुरधाम । रामनवमीको अवसरमा जनकपुरधाममा विभिन्न धार्मिक संघ संस्थाहरुले शोभायात्रा निकालेका छन् ।

विभिन्न हिन्दू धार्मिक तथा सामाजिक संघ संस्थाहरूको सहभागितामा आयोजना गरिएको शोभायात्राले राम मन्दिर र जानकी मन्दिर हुँदै नगर क्षेत्रलाई उत्सवमय बनाएको थियो ।

शोभायात्रामा सहभागीहरूले भगवान रामप्रति श्रद्धा व्यक्त गर्दै बाजागाजा, झाँकी तथा धार्मिक झण्डासहित नगरका प्रमुख सडकहरू परिक्रमा गरेका थिए ।

परम्परागत भेषभूषामा सजिएका सहभागीहरूको उल्लेख्य उपस्थितिले कार्यक्रमलाई थप आकर्षक बनाएको थियो । यस अवसरमा सम्भावित भीडभाड र सुरक्षालाई ध्यानमा राख्दै जिल्ला प्रशासन र सुरक्षा निकायहरूले नगरका विभिन्न स्थानमा कडा सुरक्षा व्यवस्था मिलाएका थिए ।

प्रमुख चोकहरूमा नेपाल प्रहरी, सशस्त्र प्रहरी तथा ट्राफिक प्रहरी परिचालन गरिएको थियो । स्थानीय प्रशासनका अनुसार कार्यक्रम शान्तिपूर्ण र व्यवस्थित रूपमा सम्पन्न भएको छ । रामनवमीको अवसरमा जनकपुरधाममा हरेक वर्ष यस प्रकारका धार्मिक कार्यक्रमहरू आयोजना हुँदै आएका छन् ।

# खेलकुद नियमावली पारित

**टुडे समाचारदाता**

जनकपुरधाम । खेलकुद क्षेत्रको समग्र विकास र व्यवस्थापनलाई संस्थागत बनाउने उद्देश्यसहित बहुप्रतीक्षित खेलकुद नियमावली मधेश प्रदेश सरकारले पारित गरेको छ ।

सरकारको यो निर्णयलाई प्रदेशको खेलकुद इतिहासमा महत्वपूर्ण मोडका रूपमा हेरिएको छ । यस निर्णयसँगै अब खेलकुदसँग सम्बन्धित गतिविधिहरूलाई कानुनी ढाँचाभित्र सञ्चालन गर्ने आधार प्रदान गरेको छ ।




नियमावली पारित भएसँगै प्रदेशभित्र खेलकुदसँग सम्बन्धित विभिन्न संघसंस्थाहरूको दर्ता, सञ्चालन तथा नियमन प्रक्रिया व्यवस्थित हुने विश्वास गरिएको छ ।

यसअघि कानुनी अस्पष्टताका कारण धेरै खेलकुद संघसंस्थाहरू अनौपचारिक रूपमा सञ्चालन हुँदै आएका थिए भने अब तिनीहरूलाई विधिसम्मत रूपमा दर्ता गरी पारदर्शी ढंगले सञ्चालन गर्न सकिनेछ ।

प्रदेश सरकारले प्रादेशिक स्तरका खेलकुद प्रतियोगिताहरू नियमित रूपमा आयोजना गर्ने व्यवस्था पनि यस नियमावलीमार्फत सुनिश्चित गरेको छ । यसले स्थानीय तथा जिल्ला स्तरका प्रतिभाशाली खेलाडीहरूलाई प्रदेशस्तरमा प्रतिस्पर्धा गर्ने अवसर प्रदान गर्नेछ भने राष्ट्रिय स्तरसम्म पुग्न आधार तयार पार्ने विश्वास गरिएको छ ।

सो नियमावली खेलाडी उत्पादन र दीर्घकालीन विकासका लागि स्पोर्ट्स एकेडेमी स्थापना गर्ने मार्ग पनि खुला भएको छ । यस्ता एकेडेमीमार्फत खेलाडीहरूलाई आधुनिक प्रशिक्षण, प्रविधिमैत्री अभ्यास तथा आवश्यक पूर्वाधार उपलब्ध गराइने विश्वास गरिएको छ । यसले प्रदेशबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी उत्पादनमा सहयोग पुग्ने सरोकारवालाहरूको भनाइ छ ।

नियमावलीले खेलकुद स्थल तथा रंगशालाहरूको संरक्षण, व्यवस्थापन र स्तरोन्नतिमा पनि जोड दिएको छ । प्रदेशभर रहेका खेल मैदान, रंगशाला तथा अन्य पूर्वाधारहरूको प्रभावकारी उपयोग र मर्मतसम्भारका लागि स्पष्ट जिम्मेवारी निर्धारण गरिएको जनाइएको छ ।

यसका अतिरिक्त, खेलाडीहरूको क्षमता अभिवृद्धि, प्रशिक्षण, प्रोत्साहन तथा पुरस्कार व्यवस्थालाई पनि नियमावलीले समेटेको छ । खेलाडीहरूको मनोबल बढाउन र खेलकुदप्रति आकर्षण वृद्धि गर्न विभिन्न प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गर्ने योजना समेत प्रदेश सरकारले अघि सारेको छ ।

प्रदेश सरकारका अनुसार खेलकुदलाई स्वस्थ समाज निर्माण, युवाहरूको सकारात्मक संलग्नता र सामाजिक एकताको माध्यमका रूपमा विकास गर्ने लक्ष्यसहित यो नियमावली ल्याइएको हो । नियमावली कार्यान्वयनमा आएपछि प्रदेशमा खेलकुद गतिविधिहरू थप व्यवस्थित, पारदर्शी र प्रभावकारी हुने विश्वास गरिएको छ ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८